## भारतीय इसारामा निर्वाचन क्षेत्र निर्धारण

काठमाडौं। निर्वाचन क्षेत्र निर्धारण आयोगले नयाँ संविधानबमोजिम निर्वाचन हुने संघीय संसदको प्रतिनिधिसभाको लागि निर्वाचन क्षेत्रको विभाजन गरेको छ । क्षेत्र निर्धारण गर्दा जनसंख्यालाई मात्र प्राथमिकता दिएको र भूगोलको उपेक्षा गरेका कारण काठमाडौं जस्तो सुविधा सम्पन्न जिल्लामा १० जना जनप्रतिनिधि चुनिने छन् भने ताप्लेजुङ, सोलु, धनकुटा, पाँचथर, जाजरकोट, दार्चुलालगायतका ३५ वटा जिल्लामा **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## सिंहदरबारको मुहार फेरिने

काठमाडौं । भूकम्पका कारण क्षतिग्रस्त सिंहदरबारलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आधिकारिक तरिकाले रेट्रोफिटिङ गर्ने योजनासहित काम सुरु गरेको छ । यसअघि सहरी विकास तथा भवन निर्माण विभागले अगाडि बढाएको प्रक्रियामा सिंहदरबार नै भत्काएर नयाँ बनाउने प्रक्रिया सुरु गर्ने योजना बनेको थियो । प्राधिकरणले सो भवनलाई नभत्काई आफ्नै रेखदेखमा रेट्रोफिटिङ गर्ने गरी प्रक्रिया अगाडि बढाएको हो ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेलले सिंहदरबारको पश्चिमी खण्ड अवलोकन **बाँकी ८ पेजमा**

वर्ष ६ अंक २१, २०७४ साल भदौ १६ गते शुक्रबार, नेपाल संवत् ११३७ (Sept. 2, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# दिल्लीसामु देउवाको शीर्षासन



काठमाडौं । राजदूत भएपछि जसरी सम्बन्धित देशका राष्ट्रप्रमुखसमक्ष ओहोदाको प्रमाणपत्र चढाइन्छ, त्यसरी नै नेपालमा प्रधानमन्त्री बन्नासाथ नयाँदिल्ली गएर आशिर्वाद लिने सनातनी धर्म परम्परा जस्तै बनेको छ । कुनै एजेन्डा र तयारीबिना नै नेपालका प्रधानमन्त्रीहरु दिल्ली भ्रमणमा जाने गर्छन् ।

भारतीय 'प्रभु' लाई खुसी पार्न बिनाकारण दिल्ली पुग्ने नेपाली प्रधानमन्त्रीहरुका कारण नेपाल भारतको संरक्षित राष्ट्रको झल्को दिने गरेको छ । भारतको सहयोग र समर्थनबिना प्रधानमन्त्रीमा टिक्न नसकिने भयले घर गरेको कारण दिल्लीमा नेपालका प्रधानमन्त्रीको भ्रमण अनिवार्य जस्तै भएको छ । यसबाट स्पष्ट हुन्छ नेपालको आन्तरिक राजनीतिमा भारतको कति दबदबा छ भनेर । नेपालमा नौ नौ महिनामा प्रधानमन्त्री फेरिने गर्छन् । अनि प्रधानमन्त्री हुनासाथ पहिला सेभेन रेसकोर्सको दर्शन गर्न पुगिहाल्छन् । भारतलाई छाडेर पहिलो भ्रमण अन्य देश गर्न वैधानिक प्रतिबन्ध नै छ कि जस्तो भान हुन्छ । चौथो पटक प्रधानमन्त्री भएका शेरबहादुर देउवाले हालैमात्र भारतको पाँच दिने राजकीय भ्रमण गरे । उनको यो भ्रमणले नेपालको के हित गर्‍यो के अहित बहस चलिरहेको छ ।

प्रम देउवाले आफ्नो भ्रमण अत्यन्त सफल रहेको दाबी गरेका छन् । सत्ता साझेदार दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पनि सफलताको प्रमाणपत्र दिइसकेका छन् । तर प्रमुख प्रतिपक्ष दल एमालेका अध्यक्ष एवं पूर्वप्रम केपी ओलीले भने प्रधानमन्त्रीले देशको स्वाभिमानमा चोट पुर्‍याएको संगीन आरोप लगाएका छन् । देउवाले संविधान संशोधनको नितान्त घरेलु विषयलाई भारतीय प्रम नरेन्द्र मोदीसामु उठाएर संविधानमाथिको भारतीय वक्रदृष्टि उचित रहेको पुष्टि गरेका छन् । देउवाले पुनः संविधान संशोधनको प्रयास हुने र दुईतिहाई पुर्‍याएर संविधान संशोधन गरिने प्रतिबद्धता भारतसमक्ष जनाएका छन् । यसले राष्ट्रवादी नेपालीहरुलाई चिन्तित बनाएको छ । संविधान संशोधनको विषय नेपालको नितान्त आन्तरिक विषय हो । यसमा भारतको प्रवेश भित्र्याउने देउवाको जमर्को साँच्ची निन्दनीय छ । दिल्लीमा संयुक्त पत्रकार सम्मेलनमा लिखित पढ्दै गरेका देउवाले वक्तव्यलाई रोकेर संविधान संशोधनको विषय जसरी उठाए, त्यो उनले थोपरेको अर्को नयाँ राष्ट्रघात हो ।

नेपालको सार्वभौम संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गर्‍यो । भारतले त्यसमा गम्भीर असहमति व्यक्त गर्दै ८ बुँदे आफ्ना स्वार्थहरु भारतीय मिडियामार्फत सार्वजनिक गर्‍यो । संविधान घोषणा नै रोक्ने मिथ्या जमर्को गर्‍यो भारतले । तर शीर्ष दलहरु कांग्रेस, एमाले र माओवादीले भारतीय दबाबको वास्ता गरेनन् । तत्कालीन भारतीय राजदूत रंजित रेले संविधान रोक्न शीर्षक दलका नेताहरुको घरदैलो नै गरे । उनको प्रयास असफल भएपछि भारतीय विदेश सचिव नै काठमाडौं ओर्लिए । 'रअ' का अधिकारीहरुले पाँच तारे होटलमा डेरा जमाए । भारतीय सुरक्षा सल्लाहकार प्रधानमन्त्री मोदीका विशेषदूतका रुपमा संविधान रोक्न आए । तर नेपाली नेताहरु संविधान रोक्ने कित्तामा उभिएनन् । जब संविधान जारी भयो भारतले मधेसी दलहरुलाई दसगजामा दानापानी खुवाएर उफार्‍यो । आफ्ना स्वार्थ समेटिएका विषयहरु मधेसी दलहरुभित्र घुसायो र मधेस अनि मधेसीका माग सम्बोधन गरिनुपर्ने भन्दै नेपालमाथि ५ महिना लामो नाकाबन्दी लगायो । भूकम्पको पीडाबाट तंग्रिन नपाउँदै नेपाली जनताले भारतको कठोर नाकाबन्दीको सामना गर्नुपर्‍यो । नाकाबन्दीको पन्ध्र दिनमै नेपालले घुँडा टेक्ने विश्लेषण गर्दै भारतीय रणनीतिकारहरुले मोदी प्रशासनलाई नाकाबन्दी गर्न लगाएका थिए । पेट्रोलियम पदार्थलगायत खाना पकाउने ग्यास छिर्न नदिएर नेपाली जनताको चुलो बल्न दिएन भारतले । तर पनि स्वाभिमानी नेपाली जनता भारतका अघि झुकेनन् बरु भोकभोकै बसे । तत्कालीन केपी ओली नेतृत्वको सरकार दिल्लीसामु लम्पसार परेन । बरु ओलीले भारतीय परनिर्भरताको विकल्प खोजे । उत्तरी छिमेकी मुलुक चीनसँग ऐतिहासिक पारवहन सम्झौता गरेर ओलीले भारतवेष्ठित अवस्थाबाट नेपाललाई भूपरिवेष्ठित मुलुकका रुपमा चिनाए ।

नेपालको संविधान कस्तो हुनुपर्छ, त्यो नेपाली जनताले निर्णय गर्ने विषय हो । भारतले ड्राफ्ट गरेर नेपालका लागि संविधान पठाउने होइन । नेपालको संविधानको विषयलाई भारतीय प्रधानमन्त्री मोदीले अन्तर्राष्ट्रिय मञ्चमा समेत उठाए । नेपालको संविधान असमावेशी र विभेदकारी रहेको झूटो प्रचार गर्‍यो भारतले । यस विषयमा तत्कालीन ब्रिटिस प्रधानमन्त्री डेविड क्यामरुनको कान भर्न मोदी सफल पनि भए । तर जापानी प्रधानमन्त्री सिन्जो आवेलाई फँसाउन भने नेपालको कूटनीतिक प्रयासले मोदी विफल भए । नेपालमा संविधान जारी भएको नोटिस मात्र राख्यो नयाँदिल्लीले । संविधानप्रति भारतीय 'रिजर्भवेशन' अझै कायमै छ । **बाँकी ८ पेजमा**

## झन् बढ्दै परनिर्भरता

काठमाडौं । मुलुकको व्यापारघाटा भयावह रुपले बढ्दै गएको छ । निर्यात वस्तु कम हुनु र आयात वस्तु बढ्नुले व्यापारघाटा वृद्धि भएको हो । भन्सार विभागको तथ्यांकअनुसार साउन महिनामा ७९ अर्ब ९९ करोड ७० लाख ९१ हजार रुपैयाँ व्यापारघाटा भएको छ । गत आर्थिक वर्षको साउनमा ६३ अर्ब २१ करोड ४९ लाख ४० हजार रुपैयाँ व्यापारघाटा भएको थियो ।

तथ्यांकअनुसार पहिलो महिना नेपालमा ८६ अर्ब ७० करोड ४८ लाख ८६ हजार रुपैयाँका सामग्रीहरु आयात भएका छन् । निर्यात भने ६ अर्ब ७० करोड ७७ लाख ९५ हजार रुपैयाँ मात्र छ । निर्यात साढे तीन प्रतिशतले घटेको तथ्यांकले बताउँछ । गत आर्थिक वर्षमा ६ अर्ब ९५ करोड ८ लाख ११ हजार रुपैयाँको निर्यात भएको थियो । पहिलो महिनामा भएको व्यापारघाटालाई हेर्ने हो भने चालू आर्थिक वर्षमा ९ खर्ब रुपैयाँ व्यापारघाटा भएको थियो । बढ्दो व्यापारघाटाले देश झनै परनिर्भर बन्दै गएको देखिन्छ ।

विभागको तथ्यांकअनुसार भारतबाट ५५ अर्ब ७२ करोड ९६ लाख ६१ हजार रुपैयाँको सामग्री साउन महिनामा आयात भएको छ । निर्यात भने ३ अर्ब ६३ करोड ९६ लाख ३४ हजार मात्र छ । चीनबाट साउन महिनामा ११ अर्ब १५ करोड ४९ लाख ३१ हजार रुपैयाँको सामग्री आयात भएको छ भने निर्यात १५ करोड ४० लाख ८८ हजार रुपैयाँ मात्र छ । चीनसँग साउनमा ११ अर्ब ८ लाख ४३ हजार रुपैयाँ व्यापारघाटा भएको छ । गत वर्ष पनि सबभन्दा बढी व्यापारघाटा भारतसँग नै भएको थियो । भारतबाट ६ खर्ब ४१ अर्ब १७ करोड २४ लाख ३८ हजार रुपैयाँको सामान आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ । तथ्यांकअनुसार नेपालले ९८ **बाँकी ८ पेजमा**

## नेकपा (माले) र देपसा मोर्चाबीच एकता



काठमाडौं । नेकपा (माले) र देशभक्त पर्यावरणीय सामाजिक मोर्चाबीच लामो समयदेखि चलिरहेको एकताको अभियान सफल बनेको छ । गत १० गते शनिबार नेकपा (माले) को पार्टी कार्यालयमा आयोजित पोलिटब्युरो बैठकले देपसा मोर्चाका नेताहरुलाई स्वागत गर्दै पार्टीमा समाहित गराएपछि एकीकरण प्रक्रिया औपचारिक रुपमै टुंगो लागेको जानकारी माले पार्टी कार्यालयले गराएको छ ।

दुवै पार्टीले प्रमुखताका साथ उठाउँदै आएको राष्ट्रियताको मुद्दा र अन्य समसामयिक राजनीतिक विषय तथा नीतिगत विषयमा समान धारणा देखिएपछि एकता प्रक्रिया अघि बढेको थियो । देपसा मोर्चाले उठाउँदै आएको विकास केन्द्रित राजनीति पर्यावरणमैत्री आर्थिक क्रान्ति र महिला, बालबालिकासम्बन्धी विषयमा मालेले पनि समान अवधारणा प्रस्तुत गरेको, त्यसैगरी मालेको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद, माउत्सेतुङ विचारधारा र नेपाल चिन्तनको दर्शनप्रति देपसा मोर्चाले पूर्ण प्रतिबद्धता जाहेर गरेपछि एकताको लागि मार्गप्रशस्त भएको हो । **बाँकी ८ पेजमा**

## सीमा कार्यदल बैठक केवल औपचारिक मात्र

काठमाडौं । नेपाल भारत सीमा कार्यदल (बीडब्जुजी) को चौथो बैठक भारतको देहरादुनमा सम्पन्न भएको छ । बैठक बितेका तीन वर्षमा सीमासँग सम्बन्धित क्षेत्रमा भएका प्रगतिको समीक्षा गरिएको थियो । सीमा स्तम्भ निर्माण, मर्मत सम्हार लगायतका क्षेत्रमा भएका प्रगतिको समीक्षा गरिएको नयाँदिल्लीस्थित नेपाली दुताबासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । बैठकमा आगामी पाँच वर्षमा सीमा क्षेत्र व्यवस्थापनसँग सम्बन्धित सबै कार्य सम्पन्न गर्न दुवै पक्ष सहमत भएका छन् । सीमा कार्यदल बैठकमा नेपालको नेतृत्व नापी विभागका महानिर्देशक गणेशप्रसाद भट्टले गरेका थिए । नेपाल भारत सीमा कार्यदल बैठक सन् २०१८ को अगस्टमा काठमाडौंमा हुने निर्णय गरिएको छ ।

नेपाल भारत सीमा कार्यदल बैठक केवल औपचारिकताका लागि मात्र सम्पन्न हुने **बाँकी ८ पेजमा**

## चीनको चेतावनीले डरायो भारत

काठमाडौं । अन्ततः भारतीय सैनिक दोक्लामको चीन र भुटानबीच विवाद रहेको भूमिबाट पछि हटेको छ । चिनियाँ समाचार संस्थाले भारतीय सेना सोमबार दिउँसोदेखि आफ्ना सबै लजिस्टिकसहित पछि हटेको र चीनको सीमा क्षेत्रभित्रका क्षेत्रमा उसको सैनिकको गस्ती जारी रहने जनाएको छ । चीनको भाषामा भारत एकपक्षीय रुपमा पछि हटेको सन्देश दिन खोजिएको छ । यता भारतीय मिडियाहरुले भने दुवै देशको कूटनीतिक प्रयासले दोक्लाम विवाद शिथिलीकरण भएको बताएका छन् । चीनले सडक निर्माण रोक्ने र आफ्ना सेना त्यहाँबाट हटाउने भएपछि भारतले पनि दोक्लामबाट आफ्ना सैनिक हटाएको भारतले प्रचार गरेको छ । भारतीय सेना दोक्लामबाट हटेसँगै गत जुन महिनादेखिको चीन भारतबीचको तनाव अन्त्य भएको छ । आणविक शक्ति सम्पन्न दुवै राष्ट्र दोक्लाममा आम्नेसाम्ने भएपछि एसियामा सन्त्रास उत्पन्न भएको थियो ।

भारतीय विदेश मन्त्रालयले दुवै देश को सहमतिमा सेना फिर्ता भएको भने पनि चीनले भने भारतीय सेनाले दोक्लाम छाडेको र आफ्नो सेना त्यहाँ रहेको बताएको छ । पछिल्लो समयमा भारतले दोक्लाममा गोर्खा सैनिकलाई तैनाथ गरेर नेपाललाई समेत असहज अवस्थामा पुर्‍याएको थियो । भारतमा ४० हजार गोर्खा **बाँकी ८ पेजमा**

## समय-सन्दर्भ | भ्रष्टलाई राजनीतिक पुनरागमन कि आजीवन काराबास

**तेजेन्द्र प्रसाई**



अहिले संसदमा एउटा बहस चलिरहेको छ, भ्रष्टाचारीलाई पनि निर्वाचनमा भाग लिन दिनुपर्छ भन्ने बारेमा नेपाली कांग्रेसका नेताहरु खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी, जयप्रकाश गुप्ता अदालतबाटै भ्रष्टाचारीमा दर्ज भएपछि निर्वाचनको राजनीतिबाट ओझेल परेका छन् । अहिले यिनै नेताहरु त्यसमा पनि विशेष गरी खुमबहादुर खड्कालाई तत्काल सुनपानी छर्किएर चोखो पारी फेरि सत्ता राजनीतिको हालीमुहाली गर्ने ठाउँमा पुर्‍याउन चाहन्छन् उनका अनुयायीहरु । निर्वाचनसम्बन्धी कानुन अहिले यसै विषयलाई लिएर अल्झिएको छ । भ्रष्टाचारीले अदालतले तोकेको कैद सजाय भुक्तान गरिसकेपछि चुनाव लड्न दिनुपर्छ भन्ने तर्क पेस गरेर नेपाली कांग्रेसका सांसद सदस्यहरुले जोडबल गरेकै कारण कानुन निर्माणमा ढिलाइ भएको छ ।

भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको हाम्रो मुलुक सहजै ढंगले रुपान्तरण हुने बाटोमा छैन । भ्रष्टहरुको पहुँच कहाँसम्म हुन्छ र उनीहरुले कुन तहसम्मको हर्कत गर्न सक्छन् भन्ने कुराको पोल निवर्तमान प्रधानन्यायाधीश सुशीला कार्कीले पनि राम्रै ढंगले खोलेकी छन् । कान्तिपुर दैनिकका समाचार सम्पादक हरिबहादुर थापाद्वारा लिखित पुस्तक 'रजगज' सार्वजनिक गर्ने समारोहमा अतिथिको आसनबाट सुशीला कार्कीले दिएको मन्तव्यले निकै ठूलो हलचल मच्चाएको छ । भ्रष्टहरुले तल्लो अदालतमा मात्र होइन सर्वोच्चका प्रधानन्यायाधीशसम्मलाई दबाब दिने गर्दा रहेछन् । सर्वोच्चका तत्कालीन न्यायाधीश प्रकाश वस्तीलाई अब प्रधानन्यायाधीश बनेर हेर्लास् भनेर धक्याइयो । नभन्दै पछि उनलाई प्रधानन्यायाधीश बनाइएन भनेर कार्कीले बताइन् । उनले यो देशमा म इमानदार बन्छु, म जनताको सेवा गर्छु, म घूस खान्न, म **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## प्राकृतिक प्रकोप र सरकारी उदासिनता

भूकम्पपीडितको पाल, चामल र दाताले दिएको अर्बौं सहयोग रकम अपारदर्शी ढंगले खर्च भएको र ठूलो भ्रष्टाचार समेत भएका कारण यस्ता खाले प्राकृतिक प्रकोपमा दिल खोलेर सहयोग गर्ने दाताहरूमा निराशा छाएको छ । हालै मुलुकको तराई मधेसमा गएको भीषण बाढी र पहाडी क्षेत्रमा पहिरोको कारण ठूलो परिमाणमा धनजनको क्षति भयो । भूकम्पको तुलनामा मानवीय क्षति त्यति नभए तापनि डेढ सयजनाभन्दा बढीको ज्यान गयो । भौतिक संरचना र जग्गा जमिन, बालीनाली, पशुप्राणीको क्षति हिसाब गर्दा भुइँचालोको भन्दा बढी क्षति भएको छ । यति ठूलो क्षति भए तापनि स्वदेश तथा विदेशबाट जुन ढंगमा राहत सहयोग प्राप्त हुनुपर्ने हो त्यो हुन सकेन । यसो हुनुको प्रमुख कारण सरकार र यसको कार्यशैलीप्रति दाताहरूले अविश्वास प्रकट गर्नु हो ।

मुलुक चरम भ्रष्टाचारको जन्जिरमा जेलिएको छ । जुनसुकै व्यक्ति सत्तामा आए पनि भ्रष्टाचारको जन्जिर छिनाउने हिम्मत गर्न सकेको पाइँदैन । बरू आफ्नो सत्ताको आयु लम्ब्याउन भ्रष्ट जमात चौतर्फी खडा गर्ने र त्यस्तालाई प्रश्रय दिने काम भइरहेको छ । राष्ट्रिय ढिकुटीमा ब्रह्मलुट मच्चाउन अपारदर्शी ढंगले आफ्नो दल निकटका व्यक्ति र नातागोतालाई सहायता बाँड्ने नाममा बर्सेनि करोडौं खर्च गरिन्छ । यसैगरी नेताहरूको औषधि उपचार र विदेश सयरमा उत्तिकै खर्च हुने गरेको छ । अहिले विभिन्न बहानामा विदेश भ्रमण गर्नेमा सरकारी कर्मचारीसमेत तँछाडमछाड गरिरहेका छन् । सर्वत्र देखिएको आर्थिक अनियमितताका खबर सञ्चारमाध्यम र विभिन्न सामाजिक सञ्जालमार्फत क्षणभरमा विश्वभर फैलने गरेको छ । सरकारको कामकारबाही र पारदर्शिताको हिसाबकिताब अब विश्वभर फैलिएका नेपाली नागरिकले राख्न थालेका छन् भने भ्रष्टाचारको श्रेणीमा अहिले पनि टप टेनभित्रै रहेको नेपालको अवस्थाबारे विदेशी पनि बेखबर छैनन् । त्यसैले सरकारले स्वदेश विदेशबाट भने जति राहत पाइएन भनेर गुनासो गर्नुभन्दा पहिला आफू र आफ्नो कर्मचारीतन्त्रको छविलाई सच्याउन आवश्यक छ ।

भूकम्पपीडितहरूले अढाई वर्ष बित्न लाग्दा पनि उचित बासको प्रबन्ध गर्न सकेका छैनन् । पुनःनिर्माण प्राधिकरणमा आफ्नो मान्छे ल्याउन सत्तासीनबीच भएको रस्साकस्सी र भ्रष्टाचारको कारण भएको ढिलासुस्तीले अस्थायी पालमुनि हिउँद वर्षा गुजार्न पीडितहरू बाध्य भइरहेका छन् । अब यस्तै पीडित हुनेमा ठूलो संख्या बाढीपीडितको थपिएको छ । बाढीपीडितलाई दिने राहत दाताहरूबाट पाइएन भनेर रूनु कराउनु र भीक्षाको कटौरो विदेशतिर फर्काएर कराउने काम सरकारले बन्द गर्नुपर्छ । राष्ट्रिय ढिकुटीमा हरेक वर्ष फ्रिज हुने विभिन्न शीर्षकको पर्याप्त बजेट छ, त्यो बजेट अब यस्तै संकटको बेलामा खर्च गरिनुपर्छ । त्यसैगरी सैनिक कल्याणकारी कोषमा भएको अर्बौं बजेट सरकारले सेनासँग ऋण लिन सक्छ । सरकारलाई ऋण दिन पर्याप्त पैसा भएका सञ्चयकोष, नागरिक लगानी कोष, दूरसञ्चार जस्ता निकायहरू पनि छन् । त्यसैले यो या त्यो बहाना बनाएर प्राकृतिक प्रकोप पीडितहरूलाई रकम दिन कुनै कन्जुस्याइँ गर्न आवश्यक देखिँदैन ।

भूकम्प, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप एकपटक आएर सदाका लागि सकिने होइनन् । यस्ता प्रकोप फेरि पनि आउन सक्छन् । यस्ता प्रकोपबाट हुने क्षति न्यूनीकरण र तत्काल उद्दार र राहतको लागि पर्याप्त पूर्वतयारी गर्न आवश्यक छ । तराई, मधेसमा आएको बाढीका विभिन्न कारणहरूको पर्याप्त चर्चा परिचर्चा भइसकेको छ, त्यसबारेमा राम्रो अध्ययन विश्लेषण गरेर निराकरणको ठोस प्रयास गरिनुपर्छ । तराईको उर्बर भूमिमा बर्सेनि हुने मरूभूमिकरण रोक्नेतर्फ सरकार र सम्बन्धित निकायहरूले गम्भीरतापूर्वक काम गर्न आवश्यक छ ।

# सच्चा राष्ट्रवादीहरू एक नभई सुखै छैन



सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)

भारत बसाइका क्रममा शेरबहादुरले फेल भएको संविधान संसोधनको प्रस्तावलाई आगामी संसदीय चुनाव जिती दुईतिहाई पु-याई पास गरिछाड्ने भनेर मोदीको अगाडि जसरी स्पष्टै भने त्यसको अर्थ दुईतिहाई पु-याई नेपाललाई फिजी बनाउने भन्ने नै हो ।

नागरिकता विधेयकलाई जसरी गणतन्त्र नेपालले अनुमोदन गरी ६३ लाख आप्रवासी भारतीयहरुलाई नेपाली अंगिकृत नागरिकता प्रदान गरियो त्यसरी नै यिनीहरु अब नेपालको राष्ट्रपति अनि प्रधानमन्त्री बन्न चाहन्छन् अनि त्यसरी नै संसदमा बहुमत पु-याई वैधानिक रुपबाटै नेपाललाई सिक्किम बनाउन उद्दत छन् । यसको लागि जन्मजात बैरी भनिने कांग्रेस, माओवादी र मधेसी दलहरु आफ्ना राजनीतिक सिद्धान्तलाई थाँती राखेर भारतको इसारामा राष्ट्रघातको एकै झण्डामुनी गोलवन्द हुने कुरा गर्दैछन् भने यस्तो अवस्थामा आफूलाई खाँटी राष्ट्रवादी ठान्नेहरु फगत आफ्नो राजनीतिक स्वार्थ र पदलोलुपताको कारण झुण्ड झुण्ड भएर रहनु ठीक हुँदैन ।

**सच्चा राष्ट्रवादीहरू एक भई राष्ट्रिय र अन्तर्राष्ट्रिय मंचहरूमा भारतको हेपाह र विस्तारवादी प्रवृत्तिको भण्डाफोर गर्नुपर्ने अपरिहार्य भएको छ ।**

राष्ट्रवादी भनेर सबैले प्रशंसा गरेका सीपी मैनाली, चित्रबहादुर केसी, नारायणमान बिजुक्छे, सिपी गजुरेलहरु सबै एकै ठाउँमा आउनुपर्दछ । त्यति मात्रै होइन एमाले, कांग्रेसभित्र पनि कोही खाँटी राष्ट्रवादी छन् भने तिनीहरुलाई समेत समेट्न सक्नुपर्दछ । अर्कोतर्फ निर्वाचन आयोगमा दर्ता भएका नभएका आफूलाई राष्ट्रवादी भन्ने साना दलहरु पनि अब एउटै राष्ट्रवादको झण्डामुनी गोलवन्द हुनु जरुरी छ ।

नेपाली माटोलाई प्रयोग गरी स्वतन्त्र तिब्बत बनाउने सपना बोकेका स्वदेशी तथा विदेशी तत्वहरु अहिले निकै संगठित भइरहेको अवस्था छ । यो कुरालाई ढिलै भए पनि चीनले बुझेको कारण चीनको दक्षिण एसिया नीति अहिले आएर सशक्त हुन पुग्नुले पनि आफ्ना कमजोर छिमकीहरुलाई पेलिरहेको भारत त्रसित छ र नेपाल आफ्नो पोल्टाबाट बाहिर जाला भनेर यसले सबै हरकत प्रयोग गरिरहेको अवस्था छ । दोक्लाममा चीनको सामरिक उपस्थितिको कारण पुच्छर लुकाएर कुलेलम ठोकेको भारतको अझै पनि आफ्नो कमजोर छिमेकीहरुलाई पेल्न हुँदैन भन्ने कुरामा सचेत छैन । त्यसै कारण पनि सच्चा राष्ट्रवादीहरु एक भई राष्ट्रिय र अन्तर्राष्ट्रिय मंचहरुमा भारतको हेपाह र विस्तारवादी प्रवृत्तिको भण्डाफोर गर्नुपर्ने अपरिहार्य भएको छ । यही कुरालाई मनन गरेर हामी देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाले गत हप्ता नेकपा मालेसँग पार्टी एकीकरण ग-यौं । यो एकता अभियानलाई हामी तीव्र बनाउन चाहन्छौं । त्यसैले आफूलाई राष्ट्रवादी दल ठान्ने सबै यस महान राष्ट्रिय ध्रुवीकरण प्रक्रियामा सामेल हौऔं र भारतीय विस्तारवाद, उपनिवेशवाद र अतिक्रमणबाट नेपाललाई सदाका लागि मुक्त गरौं । यही नै समयको माग पनि हो । अब सच्चा राष्ट्रवादीहरु एक नभई सुखै छैन ।

# ग्रेटर नेपाल (३)



जगदीश लामिछाने
रौतहट, पौराई

२०७४ साउन महिनाको ३२ गते डा. युवराज संग्रौलाले हाम्रो र भारतको १९५० को सन्धि मल्टी मिडिया कन्भेन्सनअनुसार १९३३ को धारा १ को रीत पुगेको छैन । अन्तर ाष्ट्रिय महासन्धिसम्बन्धी १९६१ को धारा २ ए, भियना कन्भेन्सन १९६१ को १४ धारा बमोजिम पनि भएन । भारतले बाध्य भएर भुटानको परराष्ट्र हेर्ने कुरा २००७ मै हटाए । यो १९५० को भारतसँगको सन्धिमा दुवै देशले ' आपसमा राष्ट्रिय व्यवहार' भन्ने कुरा नै आपत्तिजनक छ । अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ विपरीतै भयो । यी आदि त्रुटि भएकोले विचार गर्दा भारतले उसै बखतदेखि नेपाललाई आफ्नो प्रान्त जस्तै व्यवहार गर्ने नियतले गराएको रहेछ । यस्तो कुरो राष्ट्रसंघीय महासन्धि महासभा १९६५ बमोजिम पनि बेठिक छ । भारतीय प्रबुद्ध व्यक्ति (महेन्द्र पी लामा) ले टोकियोमा 'नेपालले तयारी नै गरेको छैन' भन्दा भारतको एउटा प्रान्त भएर त बस्न पाइहालिन्छ भने जस्तो भयो भनी नेपाली दैनिक अन्नपूर्ण पोस्टमा छाप्नुभयो ।

उक्त लेखमा के पनि भनियो भने हाम्रा प्रबुद्ध समूह संयोजक डा. भेषबहादुर थापा, सदस्य सूर्यनाथ उपाध्याय, नीलाम्बर आचार्य र सांसद डा. राजन भट्टराईहरु राष्ट्रको नै निर्माण गर्ने र इतिहासबाटै आफैं कलंकित हुने सम्भावित मजधारमै हुनुहुन्छ । यो विषय राष्ट्रको अस्तित्वसँग जोडिएकाले भारतले बराबर दबाब, हस्तक्षेप र प्रभाव पार्ने कुरा अन्तर्राष्ट्रिय निर्णय विपरीतै हुन गयो । यसैले १९५० को सन्धि धरौटीमा राखौं सम्पूर्ण नेपाली मिलेर विचार गरौं आदि व्यहोरा छाप्नुभएपछि अर्का डा. लोकराज बरालले तुरुन्तै भाद्र २ गते नै त्यो १९५० को सन्धिले त नेपाली स्वतन्त्रता, भौगोलिक अखण्डता र सार्वभौमिकता जोगाइदिएको छ । नेपाली नेताहरु नै सत्तामा छँदा एउटा कुरा सत्ताबाहिर अर्को कुरा गर्छन् । नेपालीले भारतले भनेको मात्र कहिले मानेका छन् र ? नेपालको भारतसँग नीति किन बनेन ? भनी बचाउ गर्नुभयो र त्यही पत्रिकामै छापियो ।

त्यसपछि सोही पत्रिकाको भदौ ७ गते नेपाली प्रबुद्ध समूहका संयोजक डा. भेषबहादुर थापाको पालो आयो । उहाँले भारतका केही प्रान्त नै नेपालभन्दा ठूला छन् त्यसो भए पनि सार्वभौमिकताको दृष्टिले कुनै देशभन्दा नेपाल सानु छैन बराबरै छ हामी छलफल गर्दैछौं र २ वर्षे म्यादमा १ वर्ष बित्यो भारत नेपाल दुवैले १९५० को सन्धि खारेज गर्न मानेनन् । भारतले राम्रै छ भन्छ भारतले नेपालबाट चाहेको सुरक्षाको प्रत्याभूमि हो आदि भनी केही दच्किएर लेख्नुभयो ।

त्यस्तै १९५० कै कात्तिक १४ गते नेपालले बेलायतैसँग पनि सन्धि गरेछ भन्ने जवाहरलाल नेहरुले थाहा पाएर हुनुपर्छ त्यो सन्धि भएको सातै दिनमा श्री ५ त्रिभुवनलाई भारतीय राजदुताबासमा बोलाएको हो । उनी आफ्नै विदेश सचिव वि.के.नेहरुमार्फत १९५४ इ.सं.देखि आफ्नै विदेश मन्त्रालय र नेपाली परराष्ट्र मन्त्रालयसँग चियोचर्चोमै रहन्थे । दार्जिलिङका सुभाष घिसिङले भारतकै सर्वोच्च न्यायिक निकायमा समेत पुगेर दार्जिलिङ नेपालै हो भनिरहे । योगी नरहरिनाथ समेतले यही १९५० कै भारत समेतसँगको सन्धि र फणीन्द्र नेपालले बेलायत समेतसँगको सन्धिबमोजिम नेपालको सर्वोच्च अदालतमा पुगी रिट दर्ता गरी कुमाऊ, गढवाल, हाजिपुर सारन गंगा उत्तर तथा दार्जिलिङसहित टिस्टासम्मै नेपालै हो भनिरहे र किताबहरु पनि फणीन्द्र नेपाल र सुरेन्द्र ढकालले २०५४ तिरै छापे । २०५७ मा सीमाविद बुद्धिनारायण श्रेष्ठले विभिन्न नक्सा प्रमाणसहित 'नेपालको सिमाना' किताब छापी मदन पुरस्कार सोही वर्ष पाए । यो हरफकर्ताको पनि सोही ५३।५४ तिरैको दिव्यचक्षु साप्ताहिकमा छापिएको सो समर्थनको लेखहरु पुनः पुनः छापिए । २०७२ को अन्त्यमा 'समय समयका कुरा' संकलन शब्दार्थ प्रकाशनले छापेकै छ । त्यसैमा यो शीर्षकको पनि दुई लेखहरु छापिएको हो । कुनैमा पनि भारत चीनको विरोध होइन आफ्ना हक र मर्का मात्र उठाइन्छ । हाम्रा राजनीतिक दलहरुले अब त दोधारैमा नपरी नेपाल चीन र भारत मिलेर ग्रेटर नेपाल खडा गरौं भन्नुपर्ने हो । लाखौं हस्ताक्षर सप्रमाण प्रतिवेदनसहित संसदमा बुझाएको कुराको समर्थन ०४७ को नेपालकै संविधानमै पनि सांकेतिक छँदाछँदै नेपालकै तलबजीवी संसद किन चुप छ ? त्यहाँ भारत र चीन दुवैले नेपाल बराबर बाँडी खाउँला भन्ने तत्व घुसेको छ कि ? भन्ने शंका उठ्न लागेको छ । नत्र हाम्रै राष्ट्रपतिले सार्वभौमिक हक भएको कोसी बाँधको ढोका खोल्ने साँचो किन नेपालसँग छैन ? भनी साधिकार आफ्ना प्रधानमन्त्रीसँग सल्लाह गरेको अहिले २०७४ को तराईका बाढीपीडित सम्बन्धमा सुन्नुपर्ने थिएन ।

अब त हाम्रै चीन भारत र नेपालकै सुरक्षाको लागि नेपालमा चीनको रेल भित्रिँदा नेपालको नै साधिकार व्यवहार नेपालैमा र भारतको रेल मोटर जे भित्रिन्छ नेपालको अधिकार हुने गरी हाम्रो इ.सं. १८१५ सम्मको ग्रेटर नेपाल बेलायतबाट फिर्ता भएको एक इन्च जग्गा पनि भारतमा रहन पाउँदैन । बरु सबैको भलो हुने गरी व्यवस्था गरौं भन्नुपर्ने बेला भयो । पाकिस्तानको जहाजलाई इन्दिरा गान्धीले भारतकै आकाश भएर उड्न पाउँदैन भनी भारतले रोक लगाएपछि पूर्वी पाकिस्तान बंगलादेश भएको सबैलाई थाहै छ । हामीले यो क्षेत्रका सबै मिलेर सबैको रक्षार्थ ग्रेटर नेपालबारे अब थाहा नभए जस्तो नगरौं भनेका हौं । जुन बेला सिक्किम थोरै समयका लागि भारतले आफूमा गाभेको थियो त्यसैबेला चतुर पातालपुरीका हेनरी किसिंजर कूटनीतिज्ञले 'अब नेपालको पालो' भनी विदेश अमेरिकामै भनेको पनि पाठक आफैंले उसैबला पढ्नु भएकै हुनुपर्छ ।

**अबको क्रान्ति : पर्यावरणीय**

सुदर्शन प्रधान

# मातासमान वनजङ्गलको संरक्षण गरौं–२

चतुर्थ– कुरिनटारस्थित मनकामना केबलकार स्टेसनपारिको जङ्गलमा प्रायः हरेक चैत–वैशाखमा डढेलो लाग्छ । गतवर्ष चैत्रमा त्यहाँ डढेलो लागिरहँदा साँझपखका पर्यटकहरू क्यामरा निकालेर फोटो खिच्तै थिए । तीमध्ये कोही पनि उक्त डढेलो निभाउनुपर्छ भनेर आत्तिइरहेका थिएनन् । त्यस घटनाले यो पङ्क्तिकारलाई के लाग्छ भने आन्तरिक र वाह्य सबै पर्यटकहरूले पनि डढेलो निभाउन सक्रिय हुनुपर्छ । बृद्ध, रोगी, बिरामी, केटाकेटीबाहेक सम्पूर्ण पर्यटकहरू वा जोकोहीले डढेलो निभाउन व्यवहारतः लागिपर्नुपर्छ । तब मुढाजस्ता मानुषलाई मातासमानका वनजङ्गलको महत्त्व बुझ्न चेत आउँथ्यो कि ! अनि त्यो मन डढेलो निभाउन सक्रिय हुन्थ्यो कि !

यो कुराले कुनैकुनै पर्यटकहरूलाई लाग्न सक्छ, 'रमाइलो र आनन्दका लागि पैसा खर्च गरेर बिदा मनाउन हिंडेका मान्छेलाई कस्तो उदेकलाग्दो उपदेश !' तर जुनसुकै पर्यटक जहाँ गए पनि २४ घण्टामा १६ लिटर अक्सिजन र ४०–५० लिटर पानी प्रयोग भइरहेकै छ ! त्यसको स्रोत त्यहींको वनजङ्गल हो । अनि त्यस्ती माताको जिउ मूर्खहरूका कारण जल्दा हरेक सन्तानलाई पीडाबोध हुनुप-यो नि ! तसर्थ तपाईं नेता हुनुस् वा पत्रकार, विद्यार्थी हुनुस् वा शिक्षक, मजदुर हुनुस् वा किसान, मन्त्री हुनुस् वा राजदूत, डाक्टर हुनुस् वा इन्जिनियर, कर्मचारी हुनुस् वा व्यापारी, साहित्यकार हुनुस् वा उद्यमी, महिला हुनुस् वा पुरूष, स्वदेशी हुनुस् वा विदेशी; शरीर तन्दुरूस्त छ भने डढेलो नियन्त्रणको मैदानमा हाजिर भएर असल व्यक्तिको परिचय दिंदा धरती र भावी सन्तति पनि हर्षित हुनेछन्– तपाईंलाई देखेर, तपाईंलाई सम्झेर ।

पञ्चम– डढेलो निभाउन जाँदा विविध प्राविधिक कुराहरूमा ध्यान दिनुपर्छ । जस्तै–

१. डढेलो २०० मिटर लामो र जनशक्ति २५ जना छ भने २० जनाको समूहमा १०/१० मिटर डढेलो बाँडेर निभाउनुपर्छ । ५ जना जगेडा शक्तिले हरिया स्याउला काट्ने, पिउने पानी बोक्ने, कोदालाले माटो खन्ने गरेर सहयोग पु-याउनुपर्छ ।

२. डढेलो निभाउन जाने व्यक्तिले सुतीको पाइन्ट, लामा बाहुले सर्ट, टोप वा टोपी लगाउनुपर्छ । सम्भव भए छालाको ज्याकेट, पन्जा र जुत्ता लगाउनुपर्छ र पानीको बोतल पनि लिनुपर्छ । राति डढेलो निभाउन जानेले हरेक आधा घण्टामा र दिउँसो घाममा डढेलो निभाउनेहरूले हरेक १५/१५ मिनेटमा पानी पिउनुपर्छ ।

३. डढेलो निभाउन दिउँसोभन्दा राति सजिलो हुन्छ । हुरीबतास चलेको बेलाभन्दा हावाहुरी मन्द भएका बेला सरल हुन्छ, भिरपखेराभन्दा समथर वा सामान्य भिरालोमा सहज हुन्छ अनि ठूलठूला झ्याङमा डढेलो पुगेको भन्दा पातला पातपतिंगरमा डढेलो पुग्दा निभाउन सजिलो हुन्छ । हावाहुरी चलेको दिशाविपरीत बाटोबाट डढेलो निभाउन जानु हुँदैन । भिरालो जमिनमा तलबाट माथितिर डढेलो आइरहेछ भने सिधै तल झर्नु हुँदैन । बरू घुमाउरो बाटो वा झाडी भए तापनि डढेलो निभाउन तलबाट सुरू गर्नुपर्छ ।

४. डढेलोको खतरा भनेको मूलतः पुसदेखि वैशाखसम्म हुन्छ । त्यसमा फागुन, चैत सबभन्दा बढी डढेलो लाग्ने महिना हुन् । डढेलोको जोखिमबाट बच्न सबै खालका वनहरूमा 'अग्निरेखा' बनाउनुपर्छ र बेलाबेला उक्त रेखा अनुगमन गरिरहनुपर्छ ।

५. हरेक वनका मूल नाकाहरूमा चौकीदारहरू बस्नुपर्छ र वन जाने गोठाला, यात्रु तथा पर्यटक जोकोहीलाई ज्वलनशील वस्तु लान प्रतिबन्ध लगाउनुपर्छ । अनि ठाउँठाउँमा निम्न शब्द लेखिएको साइनबोर्डहरू राख्ता प्रभावकारी हुन्छ–

**– सबै मिलेर वनजङ्गल जोगाऔं ! मानवसमाज र सभ्यतालाई बचाऔं ।**

**– होसियार ! तपाईंले जलाउने सलाईको एउटा काँटीले पूरै जङ्गल सखाप हुन सक्छ र लाखौं, करोडौं नयाँ पालुवाहरू खरानी बन्न सक्छन, हजारौं प्राणी र पशुपक्षीहरू मर्न सक्छन् ।**


**– वनजङ्गल आमाझैं हुन्, आमाको हत्या गर्ने कुकर्म कसैले नगर !**

**– डढेलो झोस्ने हात दानवीय हो, डढेलो निभाउने हात मानवीय हो !**

६. सबै क्षेत्रका सबै खालका वनहरूमा खोल्सा र थुम्का, भञ्याङ र चौबाटाहरूमा प्राकृतिक र कृत्रिम पानीका पोखरी र ट्याङ्कीहरू राख्नुपर्छ, जुन पानी वन्य जीवजन्तु, पक्षीहरूले उपभोग गर्न मिल्ने अनुकूलको बनाउनुपर्छ । साथसाथै वनमा डढेलो लाग्दा उक्त पानीको राम्ररी प्रयोग गर्नुपर्छ । स्मरण रहोस्, स्थानीय हरेक वन समितिहरूले 'डढेलो नियन्त्रण उपसमिति' छुट्टै बनाउनुपर्छ । ती समितिसँग आवश्यक भौतिक वस्तुहरूका साथै पाइप पनि हुनुपर्छ । अझ उच्च भूमिमा डढेलो लाग्दा पानी पठाउन हलुका जेनेरेटरसमेत राख्नुपर्छ ।

# मैले देखेको एघारौं विश्व सम्पदा :
# इटलीको सेन्ट पिटर चर्च र सिस्टाइन सापल

सुरेन्द्र ढकाल



भगवानले प्रथम पुरूष अदामलाई हात दिंदाको अवस्थाको चित्र



भित्रबाट हेर्दा चर्चको चित्रकलापूर्ण गजुर



चर्चभित्र राखिएको मिकेलाञ्जेलोको विश्वविख्यात मूर्तिकला पिएता मारिएको क्राइस्ट आमा मारियाका काखमा



सापलमा रहेको अन्तिम फैसला नामक चित्र



सेन्ट पिटर चर्च बाहिरबाट हेर्दा



सेन्ट पिटर चर्चको भित्री कलापूर्ण भाग



सेन्ट पिटर चर्चको बाहिर दिनदिनै पुग्ने पर्यटकहरू



सिस्टाइन सापलको भित्र र दलिनमा कोरिएका बहुमूल्य चित्रहरू



सेन्ट पिटर चर्चको स्क्वायरमा सुरेन्द्र ढकाल थाई महिला मित्रको साथमा

फ्लोरेन्सको दुई रातको बसाइपश्चात् अब हामीलाई इटलीको राजधानी रोम लग्ने कुराको जानकारी भएपछि हामी सबै रोमान्चित थियौं । क्रिश्चियन धर्मको केन्द्र, प्रमुख धर्मगुरु पोपको वासस्थान अनि विश्व प्रसिद्ध मूर्तिकार तथा चित्रकार मिकेलाञ्जेलोको दुई उत्कृष्ट मूर्तिकला र चित्रकला अवलोकन गर्ने अवसर पाउने भएपछि को नै रोमाञ्चित नहोला र ? रोम पुग्दा दिनको ३ बजेको थियो । हामीलाई पिआच्जा भेनेसियाको अति सुविधापूर्ण होटलमा लगेर राखियो । तत्पश्चात् विश्वको सातौं आश्चर्यमध्ये एक मानिएको रोमको कोलोस्सियो हेरेर त्यो दिन बिताउने सहमति भएअनुसार हामीसबै कोलोस्सियोतिर लाग्यौं । यस कोलोस्सियोको बारेमा विश्व आश्चर्यको खण्डमा उल्लेख भइसकेको कारण यस लेखमा इटलीको भेटिकन सहरमा रहेको सेन्ट पिटरको चर्च र सिस्टाइन सापलको बारेमा मात्रै वर्णन गरिनेछ । बेलुकासम्म कोलोस्सियो र फोरो रोमानो हेरेर हामी बेलुकी ७ बजेतिर होटल फर्की डिनर गरी सुत्ने कार्य गर्‍यौं । भोलिपल्ट बिहान ब्रेकफास्ट सकेर हामी भेटिकन सहरतर्फ हानियौं । होटलबाट १५ मिनेटकै बस यात्रामा हामी भेटिकन पुग्यौं । पहिले हामीले भेटिकन सहरमा रहेको सेन्टपिटर चर्च र त्यसपछि चर्चसँगै रहेको सिस्टाइन सापेल अवलोकन गर्‍यौं ।

**सेन्ट पिटर चर्च**

इटलीको राजधानी रोम सहरभित्रको अति सानो स्वतन्त्र देश भेटिकन सहरमा रहेको सेन्ट पिटर चर्च विश्व क्रिश्चियन धर्मको एक मात्र केन्द्र हो जहाँ पोपको वासस्थान तथा उनले नेतृत्व गरेको सरकार संचालित छ । यो चर्चको डिजाइन दोनातो ब्रामान्ते, मिकेलाञ्जेलो, कार्लो मार्देनो र जान लोरेन्च्जोले गरेका थिए । पुनर्जागरण कालको सबैभन्दा उत्कृष्ट सिर्जना भनेकै यही सेन्ट पिटर चर्चको मठ र यस चर्चभित्र रहेका विश्व प्रसिद्ध चित्रकला र मूर्तिकला नै हुन् । यो चर्च विश्वको अन्य देशहरुमा रहेको चर्चमध्ये सबैभन्दा ठूलो मानिन्छ । क्रिश्चियन धर्मका प्रथम पोप सेन्ट पिटरको नामबाट यो चर्चको नामाकरण गरिएको हो । इशाको चौथो शताब्दिमा नै सम्राट कन्स्टान्टिन महानले यस ठाउँमा सेन्ट पिटर चर्चको निर्माण गरी संचालन गरेको भए तापनि हालको चर्चको निर्माण भने सन् १५०६ अप्रिलमा सुरु भई सन् १६२६ को नोभेम्बरमा सम्पन्न भएको थियो । यो चर्चले २ दशमलव ३ हेक्टर जमिन ओगटेको छ । यहाँ पोपले गर्ने दैनिक र विशेष पूजाको अवसरमा एकैपल्ट १५ हजारदेखि ८० हजारसम्म भक्तजनहरु एकठ्ठा हुने गर्दछन् । रोमको तेभेरे नदीको किनारमा रहेको यो चर्च जसलाई वासिलिका पनि भनिन्छ यसको छानाबाट पुरै रोम सहरको दृश्यावलोकन गर्न पनि पाइन्छ । यो चर्चलाई अगष्ट १९८४ मा युनेस्कोले विश्वसम्पदामा सूचीकरण गरेको हो । अण्डाकारमा बनेको यस चर्चको बाहिरी स्क्वायरका दुबैतर्फका स्तम्भका श्रृंखलाहरु झण्डै ६ मिटर उचाइका छन् । चर्चको भित्री भाग सापल (गजुर) हरु विभिन्न खण्डमा विभाजित छ भने बीचको भाग एकै पटकमा हजारौं दर्शनार्थीहरु अटाउन सकुन् भनेर खुला राखिएको छ । संसारका सबैभन्दा महँगा महँगा सिंगमरमर र विश्वका उत्कृष्ट चित्रकला र मूर्तिकला यहाँ सजाइएका छन् जुन अति नै अमूल्य छन् । यहाँभित्र रहेका सापलहरुमा क्लेमेन्ताइन सापल, मादोना सापल, ग्रेगोरियन सापल र सेन्ट सेवास्तियन सापल रहेका छन् । यसै चर्चभित्र ९१ वटा पोपहरुको र ९ वटा रोमन सम्राटहरुको गरी १०० वटाभन्दा बढी चिहान पनि राखिएको कारणले गर्दा पनि यो चर्च विश्वविख्यात हुन पुगेको हो । यस चर्चभित्र रहेका अनगिन्ती मूर्तिहरुमध्ये उत्तरतर्फको सापलमा मरेको क्राइष्टलाई आफ्नो काखमा राखेर बिलौना गरिरहेकी उनकी आमा मारियाको मिकेलाञ्जेलोले बनाएको मादोनाको पिएता नाम गरेको विश्वविख्यात सिंगमरमरको मूर्ति रहेको छ । यो चर्च यस कारण पनि प्रख्यात छ कि यो रोम सहरका दुई अग्ला भवनमध्ये एकमा गनिन्छ यसको गजुर मात्रको उचाई ४४८ फिट रहेको छ । सन् १९३९ तिर पोप पिउस १२ औंको शासनकालमा यहाँ आमरुपमा पुरातात्विक अन्वेषण गर्ने कार्यहरु भए जसको फलस्वरुप सेन्ट पिटरको चिहान पनि फेला परेको थियो ।

**सिस्टाइन सापल**

यो सापल पोपको औपचारिक निवासस्थान हो । पोप सिक्टुस १४ औंको पालामा सन् १४७७ देखि १४८० बीचमा यो दरबारको जिर्णोद्धार गरिएको थियो । पोपको क्याविनेट (कनक्लेभ) को बैठक यहीँ नै हुन्छ । विशेष गरी मौजुदा पोपको मृत्यु भई नयाँ पोपको चयन यही कनक्लेभबाट हुन्छ । यो सापल विश्वविख्यात हुनुको कारण यहाँभित्रका पेन्टिङहरु नै हुन् त्यसमध्ये पनि सबैभन्दा महत्वपूर्ण चित्र भनेको दलिनमा कोरिएको मिकेलाञ्जेलोले बनाएको चित्रहरु हुन् जसमा एक चित्रमा भगवानले आफ्नो हात प्रथम पुरुष आदमलाई दिएको देखाइएको छ भने अर्को भनेको अन्तिम फैसला नामक चित्र हो । मिकेलाञ्जेलोले यी चित्रकला जस्लाई फ्रेस्को भनिन्छ सन् १५०८ देखि चार वर्ष लगाएर १५१२ मा कोरका थिए । उनले यी चित्रकलाहरु पोप जुलियस दोस्रोको निर्देशनअनुसार कोरेका थिए । यही सापल भेटिकन म्युजियमको नामबाट पनि विश्वविख्यात छ । अगष्ट ६ २००९ मा आएर यस सापललाई युनेस्कोले आफ्नो विश्वसम्पदामा सूचीकरण गरेको छ । हरेक वर्ष सेन्ट पिटर चर्च र सिस्टाइन सापल पुग्ने पर्यटकको संख्या ५० लाखको हाराहारीमा रहने गर्दछ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूले नै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणहरूलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ प्रकाश सिंह

# पैसाको प्रलोभनमा मिलापत्र, थप हिंसामा महिला

**ल्याप्चे लगाएर पैसा बुझेपछि उनी छोरी लिएर गाउँ फर्किए । अहिले गाउँमा सुनालाई बस्नै नहुने अवस्था छ । गाउँलेले मानसिक यातना दिने गरेका छन् ।**



बाजुरा । बाजुराकी सुना (नाम परिवर्तन)लाई स्थानीय एकजना महिलाले ललाइफकाई आफ्नो देवरसँग जबर्जस्ती बिहे गर्न लगाइन् । गाउँलेले थाहा पाएर त्यो बिहे हुनै सक्दैन भन्दै बालिकालाई बन्धक बनाएर राखे । दुई दिनपछि गाउँकै अर्को केटासँग अर्को बिहे जबर्जस्ती नै गराइदिए । एक हप्तापछि माइतीले थाहा पाएपछि उनलाई उद्धार गरी उजुरीका लागि जिल्ला प्रहरी कार्यालयमा पुऱ्याए । प्रहरी कार्यालयमा निवेदन दर्ता नहुँदै गाउँका अगुवाको सहयोगमा ८० हजारमा अपराध मिलाइयो । घटना गुपचुपमै राख्न लगाइयो । बालिकालाई माइती पक्षले घरमा लगे । एक हप्तामै दुई बिहे गराइएकी बालिका लिएर फर्केका बुबा भन्छन्, 'सबैले मिल्नुपर्छ भनेर गाली गरे । फेरि गाउँमा एक्लै भइने डरले मिल्नैपऱ्यो नि हजुर ।' अशिक्षित परिवारका उनलाई निवेदनसम्म लेख्न आउँदैन, उजुरी र कानुन बुझ्नु त उनका लागि परकै कुरा थियो । त्यसैले उनी छोरी लिएर गाउँ फर्किए । अहिले गाउँमा सुनालाई सबैले कुरा काटेर बस्नै नहुने अवस्था छ ।

मार्तडीका मनोज विक र कल्पना (नाम परिवर्तन) बीचको सहमतिमै शारीरिक सम्बन्ध भयो । कल्पना गभवती भइन् । तर, मनोजले गर्भ स्वीकार गरेनन् । मनोजले अस्वीकार गरेपछि कल्पना उजुरीका लागि आफन्तसहित मार्तडी प्रहरीमा पुगिन् । तर, उनले उजुरी गर्न पाइनन् । प्रहरीमा उजुरी गर्न नदिई गाउँका अगुवाहरू बसेर एक लाख ५० हजारमा मिलापत्र गराए । कथित अगुवाहरू बसेर किशोरीलाई गाउँनिकाला गर्ने र केटालाई ३ वर्षसम्मका लागि देश निकाला गर्ने मौखिक सहमतिसमेत गरे ।

मनोज अहिले भारततिर मजदुरी गर्न गएका छन् भने कल्पनाले बच्चा जन्माइसकेकी छिन् । नवजात शिशुसहित कल्पना वल्लोगाउँ पल्लोगाउँ चहारेर मागी खान विवश छिन् । मनाकोट बस्ने २० वर्षकी गौमा रोकाया (नाम परिवर्तन) स्थानीय एक युवा सतल रोकायाबाट बलात्कृत भइन् । उनको पनि बच्चा जन्मियो । बच्चा जन्मिएपछि उनी जिल्लास्थित महिला तथा बालबालिका कार्यालयमा न्यायका लागि पुगिन् । त्यहाँ केही गाउँका अगुवा र अधिकारकर्मीको सक्रियतामा ६० हजार रुपैयाँ केटालाई तिराएर घटना मिलाउने काम भयो । साक्षरसमेत नभएकी ती युवतीलाई बच्चा जन्मिएपछि अत्महत्याका लागि नदीमा हामफाल्न लाग्दा आफन्तले उद्धार गरे । अहिले उनी माइतीको सहारामा छिन् ।

त्यस्तै बाजुराकै उत्तरी क्षेत्रकी धनसरा कडारा (नाम परिवर्तन) पनि एक महिना पहिला जनम उखेडाबाट बलात्कृत भइन् । धनसरालाई ७० हजार रुपैयाँ दिएर न्यायालयको ढोकासम्म पुग्नबाट रोकियो । माथिका केही घटना उदाहरण मात्रै हुन् । पछिल्लो समय बाजुरामा पीडितहरूलाई न्यायको ढोकासम्म पुग्नै नदिई पैसामा मिलापत्र गर्ने कार्य तीव्र रूपमा हुने गरेको छ । बलात्कार सरकारीवादी मुद्दा हुन् । सरकारवादी मुद्दामा पीडकलाई सरकारले न्याय दिलाउनुपर्ने भए पनि बाजुरामा भने पैसामा मुद्दाहरू मिलाइन्छ । यस्ता मिलापत्रका घटना महिला अधिकारकर्मी, राजनीतिकर्मी, नागरिक समाज र प्रहरीको मिलोमतोमा नै हुने गरेको पत्रकार महासङ्घ बाजुराका सचिव प्रेम विक बताउँछन् । उनी भन्छन्, 'समाजमा गैरन्यायिक मिलापत्र सबैभन्दा घातक छ । यसले पीडितले न्यायभन्दा झन् पीडा पाउने अवस्था छ ।'

जिल्ला प्रहरी कार्यालयका प्रमुख डीएसपी दलबहादुर बोगटी यस्तो मिलापत्रको घटना बाहिरबाहिरै हुने गरेको बताउँछन् । 'पीडित पक्षलाई दबाब दिएर मिलाउने गरेको सुनिन आउँछ, तर तथ्य पाइएको छैन,' उनले भने, 'प्रहरीको पनि संलग्नता छ भन्ने हल्ला छ, प्रमाण भेटियो भने त्यस्तालाई कारबाही गरिनेछ ।' यसअगाडि बाहिरै मिलाएका २ वटा महिलामाथि भएका घटना थाहा पाएर सार्वजनिक मुद्दा चलाएको डीएसपी बोगटीले बताए ।

महिला तथा बालबालिका कार्यालय बाजुराकी प्रमुख कमला शाही यस्ता मिलापत्रले समाजमा नराम्रो असर पर्ने गरेको बताउँछिन् । घटनाले प्रश्रय पाउने, पटकपटक एउटै महिला पीडित हुने गरेका छन् । पीडित पैसा पाए भइहाल्छ भन्ने हुने र अर्को खुलेर नआउने भएकाले पनि मिलापत्र हुन सक्छ । घटना कम हुनुको साटो झनै बढ्दै जाने र समाजमा समेत अपहेलित हुनुपर्ने बाध्यता रहेको छ । अर्को पीडित महिला आफ्नो बेइज्जत हुने डरले न्यायको प्रक्रियामा नभई गुपचुपमा मिलाउने गरेका छन् ।

कानुन व्यवसायी गगन रावल बाजुरा जिल्लामा बलात्कारका घटना पैसामा मिलापत्र हुने गरेको बताउँछन् । सरकारीवादी मुद्दा बाहिर मिलाउन पाइँदैन, तर बाजुरामा भने धेरै बढेको रावलले पनि स्वीकार गरे । यतिसम्म कि यस्ता घटना पैसामा नमिले मात्र अदालतमा आउने गरेका छन् । आर्थिक वर्ष ०७१/७२ मा यस्ता महिलामाथि भएका हिंसाका ३ वटा घटना दर्ता भएका छन् । यी घटना पनि पैसाको कुरा नमिल्दा मात्र अदालत आएको बुझिएको छ । जबर्जस्ती करणीमा मुलुकी ऐन जबर्जस्ती करणको १ नम्बर महलअनुसार १० वर्षसम्म जेल सजाय प्रावधान रहेको छ ।

पीडित महिलालाई विभिन्न प्रभोलन, डर धम्की देखाएर गाउँमै घटना मिलाउने गरेको नागरिक समाजका अगुवा शेरबहादुर शाहीले बताए । यसरी मिलेका घटनाले पीडितलाई थप पीडा हुने गरेको छ । उनीहरूलाई समाजमा बस्नसमेत समस्या परेको छ । पैसाका लागि परिवारले नै मिलापत्रमा सही गर्ने र घरमा आएपछि परिवारले नै गालीगलौज गर्ने, यातना दिने गरेको महिला अधिकार मञ्चकी अध्यक्ष जानकी रावलले बताइन् । समाजमा बस्ने वातावरण नहुँदा पीडित महिलाले गाउँ छोडेर जानुपर्ने बाध्यतासमेत रहेको छ ।

*(संचारिका फिचर सेवा)*

# कुन दुलामा छन् राजावादी मुसाहरू ?

**मीरा भुषाल**

राजा हुँदाहुँदै त्यतिले नपुगेर बाबु महेन्द्रको नक्कल गर्दै मन्त्रिपरिषदको अध्यक्ष बनी नेपाली जनतामाथि निरंकुश बन्न गएको कारण सबैको निशान बनी राजसत्ता छोड्न बाध्य भएका राजा ज्ञानेन्द्र अझै पनि गद्दीमा फर्कन सकिन्छ कि भनेर दाउ हेरिरहेका छन् । हिजो राजालाई गलत सल्लाह दिएर सरकारको नेतृत्व लिन हौस्याउनेहरु अझै पनि राजाले शासन लेलान् र फेरि मन्त्री बन्न पाइएला भन्ने सपना बोकी रंगीबिरंगीका नाम राखी 'राजा आउ देश बचाउ' भनेर कुर्लन थालेका छन् । यिनीहरुमध्ये राणा र आफूहरुलाई कुलिन ठान्ने अन्य थर भएकाहरु १५।२० जना युवा जम्मा पारी राजावादी नारा लगाउने अनि बेलुका निर्मल निवास पुगेर स्यावासी लिने, अलिकति खर्च बटुल्ने अनि साँझ भट्टीमा बिताउने गरेको पाइन्छ ।

देश भूकम्प, बाढीपहिरोले ग्रस्त भई विचल्ली भएका जनताको दुख हेरौं न त भन्ने यी राजावादी धनाढ्यहरुको गिदीमा कहिले पनि पर्दैन अनि त्यसैले गर्दा यिनीहरु राजतन्त्रको पक्षमा जनतालाई सडकमा उतार्न असफल भएका छन् । संसदमा मधेसीहरुको भन्दा कमल थापाको राप्रपाको सांसद संख्या बढी थियो । मधेसीहरुले असफल भए पनि संसदमा आफ्नो पक्षको प्रस्ताव भोटिङ गराउन समेत सफल भए तर खै कमल थापाले राजतन्त्र र हिन्दुराज्यको पक्षमा कुनै संसोधन प्रस्ताव संसदमा टेवल गर्न सके ? सकेनन् । राजावादीहरुको मुख्य धेय भनेको सत्तामा पुगेर मोज गर्नु हो, संवैधानिक राजतन्त्रात्मक हिन्दु राज्य बनाउने होइन भन्ने कुरा राप्रपाको ब्यवहारले स्पष्टै गरेको अवस्थामा के राजा ज्ञानेन्द्र तेस्रो पटक राजा हुन सक्लान त ? अवश्यै सक्तैनन् । जसरी राजतन्त्रलाई ढाल्न ५ लाख नेपाली जनता काठमाडौंको सडकमा उत्रेका थिए, त्यही संख्याको जनतालाई राजा र धर्मको पक्षमा उतार्ने क्षमता कसैमा छ ? एकताका बाबुरामले आफूलाई नयाँ शक्ति भनेझैं वकिल बालकृष्ण न्यौपानेले पुरानो शक्ति अभियान भनेर खुबै लागि परे । अहिले त्यो अभियान कहाँ पुग्यो थाहा छैन ।

केही दिनअघि मात्रै एउटा अनलाइन पत्रिकालाई अन्तर्वार्ता दिँदै ज्ञानेन्द्रपुत्र पारसले देश अन्तरिम अवस्थाबाट गुज्रिरहेको बताउँदै कुनै पनि बेला राजसत्ता फर्कने ठोकुवा गरे । सत्ता बाँडचुँड गरी भागशान्ति जय नेपाल गर्ने ध्येयले शेरबहादुरले ५१ सदस्यीय मन्त्रिमण्डल बनाइ गणतन्त्रलाई लुटतन्त्र बनाएकै कारण गणतन्त्र दिन परदिन बदनाम भइरहेको परिप्रेक्ष्यमा राजावादीहरु सृजनशील हुन्थे भने जनताको समर्थन बटुल्न सक्थे होला तर यिनीहरुमा पनि पैसा र पदलोलुपता भएको कारण यिनीहरुको अभियान दुलोमा सीमित हुन पुगेको छ । निर्मल निवासको वरिपरि घुमेर गणेशले शिवलाई खुसी पारी शक्ति हत्याएको पारामा राजतन्त्र पुनःस्थापना हुन सक्तैन न त देश नै हिन्दुराज्य हुन सक्छ । खै कुन दुलामा छन् राजावादी मुसाहरु ?

## नेपाल विद्युत् प्राधिकरणको बाँकी बक्यौता महसुल बुझाउने बारेको
## अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७४/५/०८*

नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनिमय १० मा मिटर रिडिङ भएको ६० औं दिनसम्म विद्युत महसुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा पनि विद्युत लाइन काटिने छ भन्ने व्यवस्था उल्लेख भएकोमा सो व्यवस्था विपरीत ग्राहकहरूले लामो समयसम्म बाँकी बक्यौता महसुल नबुझाएको पाइएकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो बाँकी बक्यौता रकम बुझाउन आउन सूचित गरिन्छ । उक्त अवधिभित्र बक्यौता महसुल नबुझाउने सम्बन्धित ग्राहकहरूको लाइन जुनसुकै समयमा काटिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित कार्यालयले समेत यसै सूचनालाई आधार मानी बाँकी बक्यौता महसुल नबुझाउने ग्राहकहरूको लाइन काटी सोको विवरण यस निर्देशनालयमा उपलब्ध गराउन हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय
दरबारमार्ग, काठमाडौं

# वडा बाल भेला प्रभावकारी

**शर्मिला डिसी/दाङ**

बालबालिकाको आवाजलाई समुदायबाट संकलन गरी नगर विकास योजना निर्माणमा बालबालिकाको सहभागिता अभिबृद्धि गर्ने उद्देश्यले वडास्तरीय बाल भेला आयोजना प्रभावकारी भएको दाङ जिल्लाको घोराही नगरपालिकाको अभ्यासबाट पुष्टि भएको छ । घोराही नगरपीलकाका बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति सुवोध रेग्मीकाअनुसार वडास्तरीय बाल भेलाका कारण नगरस्तरीय योजनामा बालबालिकाको स्वामित्व बढेको छ । विगतमा बालबालिकाका लागि बजेट बिनियोजन गरेपनि उनीहरूको चासो कम हुने गर्दथ्यो । तर वडा तहबाट नै बालबालिकाको अर्थपूर्ण सहभागिताबाट योजना छान्ने प्रक्रियापछि बालबालिकाहरू थप सूसुचित भएको र योजना तथा कार्यक्रमको गुणस्तर पनि बढेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायको योजना छनौट गर्दा बस्ती स्तर हुँदै वडा र नगरस्तरमा सरोकारवालाको परामर्शबाट योजना छान्नु पर्ने व्यबस्था छ । यसलाई व्यबस्थित गर्ने स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ले यो व्यबस्थालाई विस्तृतिकरण गर्दै सहभागितामूलक योजना छनौट गर्ने पद्धतिलाई प्रोत्साहित गरेको छ । पछिल्लो अवधिमा नेपालको संविधान, २०७२ कार्यन्वयन भई स्थानीय निकायहरू गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिका नाममा रुपान्तरण भए पछि स्थानीय तहको योजना प्रक्रिया सहभागितामूलक पद्धतिबाट छनौट गरिने नेपाल सरकार ( मन्त्री परिषद मिति २०७३ फागुन ९ गतेको निर्णयानुसार) बाट जारी भएको स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी भएको आदेशमा उल्लेख छ । यसबाट पनि दाङ घोराहीको यो अभ्यास स्थानीय तहमा बालबालिकाकाको सहभागिताका लागि अनुकरणीय हुने धेरैको मत छ ।

'वडा बाल भेला नगरस्तरीय वा गाउँस्तरीय बाल भेला भन्दा अगावै गर्नु पर्दछ ।' घोराही नगरपालिकाकी सामाजिक परिचालक मन्जु खनालले भनिन्- ' वडास्तरीय बाल भेला गरेर नगरस्तरीय बाल भेला गर्दा बालबालिकाहरू खारिदा रहेछन् । नगरस्तरीय बाल भेलामा नगरका सबै बालबालिकाको सहभागिता गराउन सम्भव नहुने भएकाले वडा बाल भेला नै बालबालिकाको उपयुक्त थलो हो ।'

अर्का सामाजिक परिचालक सरला रावतकाअनुसार नगरस्तरीय बाल भेलामा कार्यविधिले तोकेका बालबालिकाले मात्र सहभागी हुने अवसर पाउँछन् । विधि अनुसार वडाका बालक्लवबाट कम्तिमा १ जना बालिकासहित २ जनाले मात्र भाग लिन पाउँछन् । गाउँ/नगर बाल सञ्जालका प्रतिनिधि २ जना, बालक्लव, बाल समूहको सदस्य नरहेका बालवालिकाहरू मध्ये प्रत्येक वडावाट कम्तिमा २ जना, बालमैत्री स्थानीय शासन नगर तथा गाउँ समितिमा सदस्य रहेका बालबालिकाहरू, बालमैत्री स्थानीय शासन समुदाय/वडा समितिमा सदस्य रहेका बालबालिकाहरू, वडा नागरिक मञ्चमा सदस्य रहेका बालबालिका सहभागी हुने व्यबस्था छ ।

यसरी नै एकीकृत योजना तर्जुमा समितिमा सदस्य रहेका बालबालिकाहरू, स्वास्थ्य व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिकाहरू, विद्यालय व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिकाहरू, विद्यालय शिक्षावाट वंचित रहेका बालबालिकामध्ये कम्तिमा १ जना बालिका सहित २ जना र दलित, आदिवासी, जनजाति, मधेशी, मुश्लिम बालबालिकामध्ये कम्तिमा २ जना बालिकासहित ४ जनाले भाग लिने बाल भेला सञ्चालनसम्बन्धी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रकाशित गरेको विधिमा उल्लेख छ । रावत भन्छिन्- 'वडा तहमा भने वडा भित्रका सबै बालबालिकाले समान रुपमा भाग लिन सक्छन् ।'

वडा तहको बाल भेलापछि नगरस्तरीय बाल भेला गरेर बालबालिकाको आवाज र बिचार हरेक वडाको वडा भेलामा पेश गरिन्छ । वडा तहबाट स्वीकृत भई आएकामा मागहरू संकलन गरी सम्बन्धित नगर र कार्यसमितिमा पेश गर्ने जिम्मेवारी सामाजिक परिचालकको हुन्छ । सामाजिक परिचालक खनाल बताउँछिन\ । 'यसरी आएका योजना तथा कार्यक्रमलाई एकीकृत योजना तर्जुमा समितिमा पेश गरिन्छ र सम्बन्धित परिषदमा पेश गरी स्वीकृति लिने काम हुन्छ ।'

स्थानीय अधिकारकर्मी विनोद केसी स्थानीय तहको पुनर्सरचानापश्चात प्रक्रियागत केही अन्यौल भए पनि अबको योजना तर्जुमा प्रक्रियामा तल्लो तहदेखिको सहभागितालाई उपेक्षा गर्न नहुने बताउँछन् । भन्छन्- 'नयाँ संबैधानिक व्यबस्थाले घर नजिकको सरकारबाट प्रबाह हुने सेवालाई अरु सहभागितामूलक, पारदर्शी र यथार्थपरक बनाउने परिकल्पना गरेको हुँदा यी प्रक्रियामा देखिएका कमी कमजोरीलाई सुधार गर्दै लैजानु पर्ने आवश्यकता छ ।'

नगरस्तरीय बाल भेलामा सबै बालबालिकालाई सहभागी गराउन सम्भव हुँदैन । तर वडा बाल भेलामा भने वडाका सबै बालबालिकालाई भेला गराउने घोराहीको अभ्यास छ । यसरी वडा तहमा नै बाल भेला आयोजना गरिँदा बालबालिकामा नेतृत्व विकासको अवसर उपलब्ध हुने सामाजिक परिचालक खनाल बताउँछिन् । बाल भेला एकल अभ्यास नभएर सामूहिक कार्य हो । सहभागिताको अभ्यास समूहमा हुने हुनाले सहभागी बालबालिकामध्ये नेतृत्वको गुण र रुचि भएकाले स्वाभाविक रूपमा नेतृत्व लिन पुग्छन् । सहभागितालाई प्रभावकारी र उद्देश्यपरक बनाउन कुशल नेतृत्व चाहिन्छ । सहभागिताका क्रममा नै बालबालिकामा नेतृत्व क्षमताको विकास हुन्छ । यसैले बाल भेलामा बाल सहभागिताका क्रममा नेतृत्व विकासको आवश्यकता र अवसर दुबै हुन्छ । उनको बुझाई छ 'बाल सहभागिताको अभ्यासका क्रममा बालबालिकामा नेतृत्व क्षमता र कौशलको विकास हुन्छ । सहभागिता जुटाउन र परिचालन गर्नका लागि कुशल नेतृत्व आवश्यक हुन्छ भने सहभागिताको अभ्यासबाट मात्र नेतृत्व कौशलको विकास गर्ने अवसर प्राप्त हुन्छ ।'

*–साभार: मीरेष्ट लेखमाला*

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# भारतीय धर्मगुरूको धर्मका नाममा यौनधन्दा



विष्णु भट्टराई

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भनेका थिए- 'भारत पहले सपेरौका देशके रुपमे प्रख्यात था लेकिन अब ऐसा नहिं है भारतीय नौजवान माउस से संसार हिलाते है । यिनी हिन्दु कट्टरपन्थी दल भारतीय जनता पार्टीका नेता समेत हुन् । भारतीय जनता पार्टीलाई जिताउन भारतीय धर्मगुरु तिनका अखडा र अनुयायीहरुले महत्वपूर्ण योगदान गरेका थिए गत आम निर्वाचनमा । शंकराचार्यदेखि बाब रामदेव हुँदै विवादास्पद धर्मगुरु गुरुमित रामरहिमसम्मले भारतीय जनता पार्टीलाई जिताउन आआफ्नो ठाउँबाट महत्वपूर्ण योगदान गरेका थिए । यीमध्ये धर्मगुरु रहिम अहिले बलात्कार मुद्दामा अदालतबाट दण्डित भएका छन् । मोदीले भनेझैं सपेरौका देश मात्र रहेन भारत अब । बलात्कारी धर्मगुरुको देशको पहिचान पनि बनाएको छ भारतले । यसअघि बापु आसाराम बलात्कार काण्डमै मुछिएका थिए र उनी अहिले जेलमा छन् । योग साधनाद्वारा आफ्नो लिंग नै नउठ्ने आशारामले प्रहरीसमक्ष जिकिर गरेका थिए । तर मेडिकल परीक्षणले उनमा यौन क्षमता रहेको पुष्टि गरेको थियो । धर्मका नाममा यौनप्यास मेटाउने थुप्रै बाबाहरु भारतमा फेला परिसकेका छन् । यसअघि स्वामी चन्द्रास्वामी रामपाललगायतका भारतीय धर्मगुरुहरु पनि विवादमा आएका छन् । धर्मगुरु रहिम सामाजिक सेवाको मुखुण्डो लगाएर यौन दुराचार गर्ने व्यक्तिका रुपमा चिनिएका छन् ।

उत्तरी भारतमा सयौं सैनिक परिचालनका बाबजुद भएको हिंसामा परी कम्तीमा पनि ३१ जनाको मृत्यु भएको छ भने अन्य २ सय ५० भन्दा बढी घाइते भएका छन् ।

मारिनेमध्ये २९ जना पञ्चकुला र २ जना सिरसाका रहेका छन् । आफ्ना करोडौं समर्थक रहेको दाबी गर्ने धर्मगुरु गुरमित राम रहिम सिंहलाई झन्डै १५ वर्षअघि दुईजना महिलालाई बलात्कार गरेको अभियोगमा अदालतले दोषी ठहर गरेको हो । धर्मगुरुलाई बलात्कारको आरोपमा दोषी ठहर गर्दै फैसला आएपछि भएको प्रदर्शनका क्रममा सुरक्षाकर्मी समेत घाइते भएका छन् ।

गैरनाफामूलक सामाजिक तथा आध्यात्मिक संस्था 'डेरा' का प्रमुखसमेत रहेका सिंहका समर्थकले भारतका विभिन्न सहरमा प्रदर्शन गरेका छन् । हरियाणा राज्यको पञ्चकुला सहरमा सिंहका हजारौं समर्थकले अदालतको फैसलाको विरोध गर्दै स्थानीय टेलिभिजनका गाडी, सार्वजनिक तथा निजी सवारीसाधन, भवनलगायतमा तोडफोड गरेका छन् । उनीहरूले कतिपय ठाउँमा आगजनीसमेत गरेको सरकारी अधिकारीले बताएका छन् । हरियाणा र छिमेकी राष्ट्र पञ्जाबमा मोबाइल फोन सेवा अवरुद्ध भएको छ । हिंसा थप बढ्न नदिन शुक्रबार बेलुकादेखि नै सरकारले उच्च सुरक्षा सतर्कता बढाएको छ ।

सिंहले आफ्ना दुई जना अनुयायीलाई बलात्कार गरेको ठहरसहित अदालतले शुक्रबार उनलाई दोषी भएको ठहर गरेको हो । सीबीआईका न्यायाधीश जगदीप सिंहका अनुसार ५० वर्षीय डेरा प्रमुखलाई दोषी ठहर गर्दै २८ अगस्टमा सजाय सुनाइनेछ । सिंहका अनुसार गुरमितलाई सातदेखि १० वर्षसम्मको कैद हुनसक्नेछ । प्रदर्शनका क्रममा ५० जना प्रहरी तथा सुरक्षाकर्मीसहित झन्डै २ सय जना घाइते भएको सरकारी अधिकारीले जनाएका छन् । प्रहरीले हरियाणा, पञ्जाब र राजस्थानसमेतका सहरमा व्यापक हस्तक्षेप गरेको र अश्रुग्याँस, पानीका फोहरा, हवाई फाएर गरेको प्रदर्शनकारीले जनाएका छन् । प्रदर्शनकारीले जुलुसमा सहभागीलाई ताकेरै गोली चलाएको दाबी पनि गरेका छन् । ५० वर्षीय गुरमितका विश्वभर ६ करोड समर्थक रहेको अनुमान गरिएको छ । बलात्कारको आरोपमा पञ्चकुलाको सीबीआई अदालतले दोषी ठहर गरेका 'डेरा सच्चा सौदा'का प्रमुख गुरमित राम रहिमलाई सोमबार १० वर्षको जेल सजाय सुनाइएको छ । सुरक्षाका कारण रोहतकको सुनारिया जेलमा बनाइएको अस्थायी अदालतमा न्यायाधीश जगदीप सिंहले राम रहिमलाई १० वर्षको सश्रम जेल सजाय सुनाएका हुन् । अदालतले राम रहिमलाई आईपीसीको धारा ३५४, ३७६, ५०६ र ५११ अनुसार सजाय सुनाएको हो । करिब १५ वर्ष पुरानो मुद्दामा फैसला गर्दै राम रहिममाथि तीन अलगअलग घटनामा ६५ हजार रुपैयाँ जरिवानासमेत गरिएको छ ।

फैसला सुनाएपछि उनी टाउको समातेर भुइँमा बस्दै रोएका थिए । यसपछि उनलाई अदालतको सो कोठाबाट जबर्जस्ती बाहिर निकालेर कैदीको पोसाक लगाई जेल पठाइएको थियो । डेरा सच्चा सौदाले सीबीआईको विशेष अदालतको फैसलाविरुद्ध पञ्जाब र हरियाणा उच्च अदालत जाने बताएको छ । फैसला सुनाउनुअघि सीबीआईले उनीमाथि कडाभन्दा कडा कारबाही हुनुपर्ने बताएको थियो भने राम रहिमका वकिलले उनले सामाजिक कार्य गरेको भन्दै नरम सजायको माग गरेका थिए । सजाय सुनाउनुअघि नै उनले अदालतका सामु माफी मागेका थिए । गुरमित राम रहिममाथि सन् २००२ मा एक अनुयायी महिलाले आफूमाथि बलात्कार गरेको भन्दै मुद्दा दर्ता गराएकी थिइन् । यो मुद्दाको लामो सुनुवाइपछि अदालतले २५ अगस्टमा राम रहिमलाई दोषी ठहर गरेको थियो । उनी दोषी ठहर भएलगत्तै उनका समर्थकले हरियाणासहित केही जिल्लामा हिंसात्मक प्रदर्शन गरेका थिए । सो हिंसामा परी कम्तीमा पनि ३८ जनाको मृत्यु भएको थियो भने सयौं घाइते भएका थिए ।

समर्थकहरूको हिंसात्मक प्रदर्शनबाट ठूलो क्षति भएपछि सुरक्षाको कारण जनाउँदै उनीमाथिको सजाय रोहतकको जेलमा नै सुनाइएको हो । यो फैसलाअघि पञ्चकुला सीबीआई अदालतका न्यायाधीश जगदीप सिंह हेलिकोप्टरबाट रोहतक पुगेका थिए । सुरक्षाका कारण सीबीआई अदालतका न्यायाधीशले हेलिकोप्टरबाट ४० मिनेटको यात्रा गर्नुपरेको थियो । राम रहिमबाट पीडित बनेका महिलाहरूको आरोपको पक्षमा हरियाणाको अदालतमा वकालत गरेका कानुन व्यवसायी बाएन्सले अभियुक्तमाथि थप सजाय हुनुपर्ने बताएका थिए । उनले भारतीय संघीय अदालतलाई धार्मिक नेता रहिममाथि लागेका दर्जनौं अन्य मुद्दामाथि पनि अनुसन्धान सुरु गर्न अनुरोध गरेको बताए । उनले भने, 'हामी छिट्टै दुईवटा मुद्दा सुनुवाइका लागि अपिल गर्नेछौं ।'



आध्यात्मिक नेता रहिमका कारण ४८ महिला यौनहिंसाबाट पीडित बनेका र केहीलाई हत्यासमेत गरिएको हुन सक्ने बताइएको छ । केही रहिमविरुद्ध बोल्न डराएर प्रशासनमा नपुगेका सीबीआईका वकिलको दाबी छ । राम रहिम दोषी ठहर भएलगत्तै हरियाणासहित उत्तर प्रदेश, राजस्थान र दिल्लीमा समेत सुरक्षा व्यवस्था कडा पारिएको छ । उनीमाथि जेल सजाय सुनाएपछि थप हिंसा भड्किने आशंकामा प्रशासनले रोहतक, सिरसा र हरियाणामा सुरक्षा कडा पारेको हो । रोहतकको जेलबाहिर कसैले कुनै पनि संदिग्ध गतिविधि गरेमा सुरक्षाकर्मीलाई गोली चलाउने आदेश दिइएको थियो । भारतमा राम रहिमका समर्थकले मच्चाएको हिंसामा दोषी भएको भन्दै ५२ वटा मुद्दा दर्ता गरिएको छ भने ९ सय २६ लाई गिरफ्तार गरिएको छ । हरियाणा र सिरसामा सबैभन्दा ठूलो भौतिक तथा मानवीय क्षति पुगेको छ । हिंसालाई नियन्त्रणमा लिन कर्फ्यु आदेश जारी गरिए पनि त्यसलाई बेवास्ता गर्दै हिंसात्मक प्रदर्शन भएको थियो ।

सिबिआईको विशेष अदालतले सोमबार डेरा सचा सौदा समूहका आध्यात्मिक गुरु गुरमित राम रहिमलाई दश वर्षको जेल सजाय फैसला गरेको छ । ५० वर्षीय गुरु रहिमलाई आफ्नै अनुयायीमाथि बलात्कार गरेको आरोपमा दश वर्ष जेल सजाय सुनाएको भारतीय एजेन्सीहरूले जनाएका छन् । सरकारी वकिल उत्सव सिंहले सबै प्रमाणका आधारमा आध्यात्मिक गुरु रहिमले सजाय पाएको बताएका छन् । यसअघि शुक्रबार अदालतले रहिमलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो ।

हरियाणाको विशेष अदालतले आरोपी रहिमलाई दश वर्षको सजाय सुनाए पनि पीडित महिलाहरूले थप कारवाहीको माग राखेका छन् । सरकारी वकिल उत्सवले गुरु रहिमलाई दिइएको सजाय कम रहेको दाबी गरेका छन् । 'पीडित पक्षले बलात्कारी रहिमले कम सजाय पाएको गुनासो गरेको छ, आध्यात्मिक गुरुको कार्यअनुसार उनलाई आजीवन सजाय हुनुपर्ने माग छ,' वकिल उत्सवले भने । यसैगरी, भारतीय संघीय अदालतलाई धार्मिक नेता रहिममाथि लागेका दर्जनौं अन्य मुद्दामाथि पनि अनुसन्धान सुरु गर्न पीडित पक्षले माग राखेको छ ।

आध्यात्मिक गुरु रहिमले ४८ महिलालाई बलात्कार गरेको पीडित पक्षले सुनवाइका क्रममा अदालतमा बताएको छ । गुरु रहिमलाई कडा कारबाही गर्न आफूहरूले प्रमाण उपलब्ध गराउन सक्ने पीडित पक्षको भनाइ छ । यता, सरकारी वकिल उत्सवले गुरु रहिमले केही महिलाको हत्यासमेत गरेको हुन सक्ने दाबी गरेका छन् । 'आध्यात्मिक गुरु रहिमसँग जोडिएका धेरै मुद्दा छन्, केही मुद्दा हत्या गरेको समेत छन्,' पीडित पक्षको भनाइ उद्धृत गर्दै वकिल उत्सवले भने, 'हामी अब दुई फरक मुद्दा राख्छौं ।'

सिबिआईको विशेष अदालतमा आध्यात्मिक गुरु रहिममाथि मुद्दा सम्बन्धमा एक घन्टा बहस चलेको थियो । सुनवाइका क्रममा दुवै पक्षलाई १०-१० मिनेट भनाइ राख्न समय दिइएको थियो । सुनवाइका क्रममा अदालतमा केवल आठ व्यक्ति मात्र उपस्थित थिए । सुनवाइ हुनुअघि रोहतक र सिरसामा कर्फ्यु लगाइएको थियो । सिबिआई अदालतको वरिपरि बाक्लो सुरक्षाकर्मीको घेराबन्दी रहेको भारतीय एजेन्सीहरूले जनाएका छन् ।

रहिमका वकिलले सुनवाइका क्रममा आफ्ना 'क्लाइन्ट' समाज सुधारक र सामाजिक अभियन्ता रहेको वकालत गर्दै सजाय कम गर्न अपील गरेका थिए । वकिलले गुरु रहिम वर्षौंदेखि समाजकै हितका लागि काम गरिआएको अदालतसमक्ष भनाइ राखेका थिए । सोसियल वर्कर व्यक्तित्वलाई गम्भीर आरोपमा दश वर्ष सजाय दिन नहुने वकिलले माग राखेका थिए । उनले गुरु रहिमले सञ्चालन गरेको डेरा सचा सौदाले सफाइ अभियानदेखि ब्लड डोनेसनसम्म कार्य गरेको दाबी गरेका छन् ।

सिबिआईको विशेष अदालतले आध्यात्मिक गुरु रहिमलाई दश वर्ष सजाय सुनाएपछि आरोप लगाउने पक्ष हर्षित देखिएको थियो । यता, गुरु रहिम भने सजायपछि धुरुधुरु रोएका थिए । उनले दुवै हात जोडेर न्यायाधीशसमक्ष आफू निर्दोष रहेको दावी गरे । आफूलाई विपक्षीहरूले फसाएको उनको भनाइ थियो । न्यायाधीशले कारबाही पूरा नहुँदासम्म गुरु रहिमलाई विशेष निगरानीमा राख्न र अदालतबाहिर नपठाउन निर्देशन दिएका थिए ।

चार दिनभित्र हिंसात्मक प्रदर्शनमा दर्जनौं व्यक्तिको निधन भएपछि विशेष अदालतमा कडा सुरक्षा थियो । अदालतभित्र र वरिपरि विनाअनुमति प्रवेश गर्ने व्यक्तिमाथि 'सुट एट साइट' निर्देशन प्रशासनले जारी गरेको थियो । रोहतक अदालतको पाँच किलोमिटर क्षेत्रमा प्रहरी र विशेष सुरक्षा फोर्स परिचालन भएको थियो । यता, हरियाणा सरकारले २९ अगस्टको बिहान ११.३० बजेसम्म सबै मोबाइल, इन्टरनेट, एसएमएस सेवा बन्द गरेको थियो । प्रशासनले धारा १४४ लागू गर्दै पञ्जकुल, रोहतक, कैथल र अम्बाला राज्यमा सोमबार सबै स्कुल तथा कलेज बन्द गर्न निर्देशन जारी गरेको थियो ।

रहिममाथिका धेरैजसो मुद्दा हरिणायाको प्रशासनमा त्यतिकै छ । पीडित पक्षले हरियाणा प्रशासन गुरु रहिमसँग डराएकाका कारण मुद्दा अगाडि नबढाइएको दाबी गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले महिलामाथि गरेको हिंसाको निन्दा गरेका छन्, तर प्रधानमन्त्री मोदीकै पार्टी भारतीय जनता पार्टीले हरियाणामा रहिमको समर्थन गरेको सरकारी वकिल उत्सवले आरोप लगाएका छन् । घटना सम्बन्धमा भाजपाले केही पनि प्रतिक्रिया दिएको छैन । गत शुक्रबार आध्यात्मिक गुरु रहिमलाई बलात्कार आरोपमा दोषी ठहर गरेपछि उनका समर्थकले मच्चाएको हिंसामा अहिलेसम्म ४५ व्यक्तिको निधन भएको छ । हरियाणा र पन्जावका पाँच राज्यमा गुरु रहिमका समर्थकले हिंसात्मक कार्यक्रम तथा सर्वसाधारणको गाडीमा आगजनी गरेका थिए । सोमबार फैसला हुँदा हरियाणा, राजस्थान र दिल्लीमा समेत व्यापक विरोध भएको थियो । प्रहरीलाई हिंसात्मक आन्दोलनमाथि नियन्त्रण लिन मुस्किल परेको एजेन्सीहरूले जनाएका छन् । प्रहरी र प्रदर्शनकारीबीचको झडपमा सयौं व्यक्ति घाइते भएका छन् ।

नयाँदिल्ली डेरा सचा सउदा संगठनका प्रमुख गुरमित राम रहिम सिंहलाई भारतको अदालतले बलात्कार ठहर गरेपछि दिनहुँजसो भारतका विभिन्न स्थानमा हिंसा भएका छन् । अदालतले उनलाई दोषी ठहर गरेपछि भड्किएको हिंसामा अहिलेसम्म ३० जनाभन्दा बढीको मृत्यु भइसकेको छ भने दुई सयभन्दा बढी घाइते भएका छन् । मृत्यु हुने प्रायः सबै सिंहका अनुयायी छन् ।

आफ्ना अनुयायीमाझ जीवित भगवान्को उपमा पाएका ५० वर्षीय सिंह यसअघि पनि बारम्बार विवादमा तानिएका थिए । सन् २००२ मा उनलाई भारतको संघीय प्रहरीले हत्या र बलात्कार आरोपमा अनुसन्धान गरेको थियो । उनीमाथि आफ्ना चार सय अनुयायीलाई बन्ध्याकरण गर्न बाध्य पारेको आरोप लगाइएको थियो । तर, सिंहले आफूमाथि लागेका सम्पूर्ण अभियोग बारम्बार अस्वीकार गर्दै आएका छन् । 'ममाथि लागेका अभियोग शतप्रतिशत गलत हुन्,' उनी भन्छन् ।

रकस्टार बाबाको रूपमा समेत परिचित सिंह सार्वजनिक रूपमा निकै चम्किला देखिन्छन् । प्रायः चर्चामा आउने उनी रंगीचंगी र चम्किला पहिरनमा देखिन्छन् । सिंहको गीत-संगीतप्रति पनि उत्तिकै मोह छ । उनले आधा दर्जन म्युजिक भिडियोमा अभिनयसमेत गरेका छन् । गरहनामा सजिन मन पराउने सिंहलाई अनुयायीहरूले 'चम्किला गुरु'समेत भन्छन् । डेरा सचा सउदा संगठनको नेतृत्व सम्हाल्दा उनी केवल २३ वर्षका थिए । डेरा सचा सउदा गैरनाफामुखी, सामाजिक कल्याण र आध्यात्मिक संगठन भएको उनले दावी गर्दै आएका छन् । सो संगठनका भारतभर ४६ केन्द्र रहेका छन् । भारतसहित विश्वका ६ करोड मानिस सो संगठनमा आवद्ध भएको उनको दावी छ ।

उनले धार्मिक असहिष्णुतासमेत बढाउने कार्य गर्दै आएका छन् । धार्मिक नेताहरूको विरोध गरेको आरोपमा विगतमा उनको आलोचना भएको थियो । सन् २००७ मा एउटा विज्ञापनमा शिखहरूका गुरु गोविन्द सिंहको भेषमा देखिए उनले अप्रत्यक्ष रूपमा शिख समुदायको विरोध गरेका थिए । सन् २०१५ मा सार्वजनिक भएको एउटा भिडियोमा हिन्दूहरूका भगवान् विष्णुको भूमिकामा देखिएपछि हिन्दूवादी संगठनले सिंहको चर्को विरोध गरेका थिए । विष्णुको भेषमा देखिएको सो भिडियोका आधारमा उनीमाथि मुद्दा दायर गरिएको थियो । उनको प्रस्तुतिले धार्मिक भावनामा ठेस लागेको आलोचकहरूले बताएका थिए ।

पछिल्ला वर्षहरूमा स्वास्थ्यसम्बन्धी अभियान र रक्तदान शिविर चलाएर सिंहले देखावटी रूपमा सामाजिक सुधारकको रूपमा आफ्नो परिचय फराकिलो बनाएका थिए । सन् २०१० मा उनको संगठनले सामूहिक विवाहको आयोजना गरेको थियो । तर, त्यतिबेला पनि संगठनको कार्य विवादरहित हुन सकेन । संगठनले एक हजारभन्दा बढी अनुयायीलाई 'स्वेच्छिक रूपमा' देहव्यापारीसँग विवाह गराएको थियो ।

कथित गुरु सिंहको सबै क्षेत्रमा उत्तिकै रुचि देखिन्छ । उनको आधिकारिक वेबसाइटले सिंहलाई 'आध्यात्मिक, परोपकारी, प्रतिभाशाली गायक र खेलाडी'का रूपमा व्याख्या गरेको छ । पछिल्ला वर्षमा उनी हिन्दी फिल्महरूमा पनि खेल्ने गरेका थिए । उनी तीनवटा फिल्मको निर्मातासमेत बनेका थिए । केही साताको विवादपछि ती फिल्म विभिन्न भाषामा निर्माण गरिएका थिए । मेसेन्जर अफ गडको ट्रेलरमा सिंहले डरलाग्दा स्टन्ट प्रदर्शन गरेका छन् ।

भारतका विभिन्न राज्यमा उनको बलियो प्रभावका कारण विभिन्न राजनीतिज्ञहरू निर्वाचनको वेला उनको समर्थन पाउन होडबाजी नै गर्छन् । उनको संगठनले विभिन्न समयमा भारतीय जनता पार्टी (भाजपा) र प्रमुख विपक्षी कंग्रेस पार्टीको समर्थन गरेको छ ।

एजेन्सीहरुबाट


## रोचक संसार

### ३१ लाखको मेकअप

एक सय दिनमा एउटा सामान्य व्यक्तिले आफ्नो सिँगारपटारमा कति खर्च गर्ला ? महिलाको हकमा मेकअपको खर्च अलिक बढि आउला तर पुरुषको हकमा चाहिँ सामान्यतया खासै उल्लेखनीय नहोला त्यो खर्च । तर फ्रान्सका तन्नेरी राष्ट्रपति इम्यानुअल म्याक्रोले आफूले सत्ता सम्हालेको १ सय दिन अर्थात हनिमुन अवधिमा मेकअपमै झण्डै ३१ लाख रुपैयाँ बराबरको रकम खर्च गरेका छन् ।

ली प्वाइन्ट नामक म्यागेजिनका अनुसार राष्ट्रपति म्याक्रोले सुरुवाती १ सय दिनमा आफ्नो मेकअपमै २६ हजार युरो खर्च गरेका हुन् । यो तथ्यलाई राष्ट्रपति कार्यालयले समेत स्विकारेको छ । ३९ वर्षीय म्याक्रो हालै एक हप्ते विदा मनाएर काममा फर्किएका छन् । उनी फ्रान्सको चर्चित जलिट श्रम कानूनको विषयलाई लिएर चर्चामै छन् र यस्तोमा उनले मेकअपमा गरेको खर्चको खुलासा हुँदा उनी जनताको आलोचनाको सिकार हुने देखिएको छ । राष्ट्रपति भवनमा प्रवेश गरेयता उनले दुईजना मेकअप आर्टिस्टको बिल भुक्तानी गरेका छन् । जसमा एकजनाको १० हजार युरो र अर्कोको १६ हजार युरोको बिल थियो ।

### ग्रहमा हिराको वर्षा



सौर्य परिवारको एक ग्रह पृथ्वीमा पानीको वर्षातले कहिलेकाहिँ बवण्डर मच्चाउँछ । तर यही मण्डलका दुई ग्रहहरु, अरुण र वरुणमा चाहिँ हिराको वर्षा हुन्छ । वैज्ञानिकहरुका अनुसार, पछिल्ला केही दिनयता अरुण र वरुण ग्रहमा हिराको अविरल वर्षा भैरहेको छ ।


वैज्ञानिकहरुका अनुसार, यी दुई ग्रहको भित्रि भागमा वायुमण्डलीय चाप अत्यधिक हुन्छ । जसका कारण हाइड्रोजन र कार्वनका बण्ड टुट्दछन् । सोही कारण हिरा बन्दछ र त्यहाँ हिराको वर्षात हुन्छ । यसरी वर्षा भएको हिरा हजारौं वर्षदेखि यी ग्रहको हिम सतहमाथि जम्मा भइरहेको छ ।

जसरी पृथ्वीमा वायुमण्डलीय चापका कारण पानीको बाफ बादलबाट पानी, हिउँ वा असिना आदिको रुपमा पृथ्वीमा झर्दछ । त्यसैगरी अरुण र वरुणमा अत्यधिक उच्च वायुमण्डलीय चापका कारण वायुमण्डलमा रहेको मिथेन टुक्रिएर हाइड्रोजन र कार्वन बन्दछ । सो कार्वन पनि अत्यधिक चापका कारण हिरामा परिवर्तत हुन्छ र भुईमा वर्षिन्छ । वैज्ञानिकहरुका अनुसार, अरुण र वरुण ग्रहमा वर्षात हुने हिराको आकार सामान्य असिना तथा पत्थर जत्रै आकारको हुनसक्छ ।

### सुविधायुक्त जेल

फाइभ स्टार होटल हुनु त सामान्य कुरा भयो । तर के फाइभ स्टार जेल हुनुपनि सामान्य हो त ? निश्चित रुपमा होइन । तर अष्ट्रियामा चाहीँ एउटा फाइभ स्टार जेल छ ।

अष्ट्रियाको जस्टिस सेन्टर लियोबेन एउटा यस्तो जेल हो, जो आफ्नो भव्यता तथा आलीशान सुविधाहरुका कारण चर्चित छ । यो जेलका भव्य तस्वीरहरु हेर्दा तथा यसभित्र कैदीहरुलाई दिइने



सुविधाको बारेमा जानकारी पाउँदा कतिलाई त त्यहीँ जेलमा कैदी भएर बस्न पाए हुँदोहो भन्ने लाग्नसक्छ ।


चर्चित आर्किटेक्ट जोसेफ होहेंसिन्नद्वारा तयार गरिएको उक्त जेल अष्ट्रियाको पहाडी इलाका लियोबेनमा रहेको छ । यो जेलको आधा भागमा अदालतमा पनि रहेको छ ।

यो फाइभ स्टार जेलमा २ सय ५ जना कैदी राख्ने व्यवस्था छ । कैदीहरुलाई कैयन् अत्याधुनिक सुविधाहरु प्रदान गरिन्छ, जस्तै स्पा, जिमखाना, विभिन्न खाले इन्डोर गेम तथा व्यक्तिगत रुची अनुसारका सुविधाहरु । यो जेलमा १३ जनासम्म कैदी एकै ठाउँमा जम्मा हुन पाउँछन् र आफ्नो कोठरी एकअर्कासँग शेयर गर्न पनि पाउँछन् ।

जेलको कोठरीहरु पनि निकै सुविधासम्पन्न छन् । हरेक कोठरीमा अलग अलग बाथरुम, एक किचेन तथा एक लिभिङ रुम तथा एक पूर्ण आकारको झ्याल बनाइएको छ । जसबाट कैदीले बाहिरको दृश्य हेर्न पाउँछ । यद्यपि यो जेल गम्भीर अपराधीहरुका लागि चाहीँ होइन । यो जेलमा यस्ता कैदीहरुलाई मात्र राखिन्छ जसले सामान्य खाले कसुरमा जेल सजायँ काटिरहेका हुन्छन् ।

यो जेललाई सुविधासम्पन्न बनाउनुको पनि कारण छ । ता की साना अपराध गरेर सजायँ काटिरहेका कैदीहरुले जेलभित्रको सुविधा भोग गरिरहँदा अपराधको बारेमा ठण्डा भएर सोच्न सकुन् र सजायँ भुक्तान गरेर बाहिर निस्किसकेपछि एक सामान्य जीवन जीउन सकुन् ।

### किर्तिमानी समोसा




पूरै १५ घण्टाको समय लगाएर तयार पारिएको छ विश्वको सबैभन्दा ठूलो समोसा । यो समोसा डेढ क्विन्टल अर्थात् १५० किलो वजनको छ । बेलायतको राजधानी लण्डनमा बनाइएको उक्त समोसाले चर्चा बटुलिरहेको छ । नवटुलोस् पनि किन ? यो विश्वको सबैभन्दा ठूलो समोसा हो । पूर्वी लण्डनको एक मस्जिदमा यो समोसा बनाइएको छ । मुस्लिम समाजको सामुदायिक सेवासँग जोडिएको एक संगठनले यो समोसा बनाएको हो ।

एजेन्सीहरुबाट

प्रेरक

## गर्जनपछिको वर्षा



सुकरात ग्रिसका महान विचारक र दार्शनिक थिए । उनी सडकमा जहाँ उभिन्थे मानिसले घेरेर विभिन्न प्रकारका प्रश्न सोध्ने गर्थे । कहिलेकाहीँ त छेउ न टुप्पाको प्रश्न सोधेर उनलाई हैरान पार्ने गर्थे तर सुकरात यस्ता प्रश्न ध्यान दिएर सुन्थे र बडो शान्त भावले उनीहरूका सबै प्रश्नको जवाफ दिन्थे ।

मानिसद्वारा घेरिरहने भएकाले सुकरात धेरै समयसम्म घर बाहिरै रहन्थे । यसले उनकी पत्नी धेरै रिसाउने गर्थिन् । त्यसै पनि उनी कठोर स्वभाव भएकी स्त्री थिइन् । उनी बिनाकारण अनेक निहुँ खोजेर सुकरातसँग झगडा गरिरहिन्थिन् । सुकरात शान्त स्वभावका भएकाले पत्नीका कुरा सुनिरहन्थे मात्र । उनी कहिल्यै प्रतिवाद गर्दैनथे । एकपटक सुकरातकी पत्नी उनीसित कुनै बहानामा चर्को रिस देखाइरहेकी थिइन् । उनी ठूलठूलो स्वरमा सुकरातलाई गाली गरिरहेकी थिइन् । तर सुकरात एक शब्द नबोली गाली सुनिरहेका थिए । लामो समयसम्म पत्नीले कराउन नछोडेपछि सुकरात चुपचाप बाहिर लागे ।

यो देखेर उनकी पत्नीको रिसको पारो झन् बढ्यो । छेउमा फोहोरपानीले भरिएको बाल्टिन राखिएको थियो । क्रोधले आगो हुँदै उनले त्यो सबै फोहोरपानी सुकरातको शरीरमा खन्याइदिइन् । उनी शिरदेखि पाउसम्म निथ्रुक्क भिजे । उनको कपडा पनि फोहोर भयो । तैपनि उनी शान्त भएर बसे । जस्तो कि केही भएको छैन । केही क्षणपछि शान्तभावमा सुकरातले मुस्कुराउँदै भने– यति ठूलो गर्जनपछि आखिर वर्षा त हुनु नै थियो होइन र ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सामान्य काममा धन र श्रम खर्चनुपर्ला । समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ । आफ्नो वस्तुमा अरूले दाबी गर्लान् । दोहोऱ्याएर प्रयत्न गर्दा बिग्रिएको काम सच्याउन सकिनेछ ।

### बृष

कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ । रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिन सक्छ । विभिन्न सहयोग र उपहार प्राप्त होला । तारिफयोग्य काम सम्पादन हुनेछ । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ ।

### मिथुन

शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । तापनि, आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### कर्कट

अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ । थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ । प्रतिष्ठित काम गर्दै फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । यात्रा गर्ने अवसर जुट्न सक्छ ।

### सिंह

समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ । आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ । बेसुरमा दिएको वचनले समेत आफैंलाई अप्ठ्यारो पार्नेछ ।

### कन्या

काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा पनि मनग्य धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।

### तुला

विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । मान-सम्मान पाइनेछ । बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ । रोकिएका काम सम्पादन हुनेछन् । अध्ययनमा प्रगति हुनेछ । विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ ।

### बृश्चिक

सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ ।

### धनु

समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ला । भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ । समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्ला । यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् र सामान्य फाइदा पनि हुनेछ । तर सरसापटमा धन बाहिरिने समय छ । श्रमको मूल्यांकन भए पनि प्रतिफल तत्कालै नपाइएला । लाभांश बाहिरिनाले अर्थअभाव देखा पर्नेछ । भैपरी आउने समस्याले पनि चिन्ता बढाउन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । तापनि दिगो काममा लगानी गर्ने मौका जुट्नेछ ।

### कुम्भ

विशेष भेटघाटले काममा उत्साह बढाउला । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । आँटले कीर्तिमानी दिलाउनेछ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा निकै फाइदा हुनेछ ।

### मीन

गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ । व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला । धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । भविष्यका लागि विशेष काममा जग बसाउन सकिनेछ । भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम सुरु हुन सक्छ ।

## "जिरे खुर्सानी" नयाँ लुक्समा जितु




जितुले फेरि 'जिरे खुर्सानी' लिएर आउँदैछन् । उनी त्यसमा कस्तो भुमिकामा देखिदैंछन् भन्ने अझैसम्म पनि कौतुहलको बिषय रहेको थियो र मंगलबार बिहानबाट उनले दर्शकको कौतुहलता मेटाईदिएका छन् ।

जितुले आफुनो फेसुबकमा एक तस्विर सार्वजनिक गर्दै 'जिरे खुर्सानी' मा आफु देखिने गेटअप सार्वजनिक गरेका छन् । सार्वजनिक तस्विरमा उनी निलो पाईन्ट, निलो कुर्ता र मरुन रङको स्टकोटमा देखिएका छन् । दुवै कानमा मुन्द्रा र लेन्स नभएको चश्मा लगाएका उनको निधारमा रातो टिका र गलामा सयपत्री फुलमा माला पनि छ । एउटा हात माथी उठाएका उनको पछाडी नेपालको झण्डा पनि देखिएको छ । उनको यस्तो गेटअपले उनी एक नेताको भेषमा जिरेखुर्सानीमा देखिदैंछन् भन्ने अनुमान लगाउन कसैलाई गाह्रो नपर्ला ।

उनको गेटअपको बिषयमा बुझ्न खोज्दा उनले भने 'यो अलि सन्स्पेन्स नै भएको र आफुले यो बिषयमा समय आएपछि सबै मिडियाहरुलाई यसको बारेमा बताउने छु ।' कार्यक्रम प्रसारणको बिषयमा गज्जबको अनलाईसँग कुरा गर्दै हाँस्यकलाकार जितुले भने, 'कार्यक्रम छिट्टै नै नेपाल टेलिभिजनबाट प्रसारणमा आउने छ । भदौ महिनाभरीमा दर्शकले 'जिरे खुर्सानी' टेलिभिजनको पर्दामा देख्न पाउनुहुनेछ ।'

## "तक्मे" को "फुर्के नं १"




हाँस्यकलाकार विल्सन बिक्रम राई 'तक्मे बुढा' ले नयाँ हाँस्य टेलिश्रृंखला 'फुर्के नं १' बनाएका छन् । उनी आफैंले निर्देशन गरेको हाँस्य टेलिश्रृंखला 'तक्मेबुढा डटकम' युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो । झापा र इलाममा सुटिङ गरिएको उक्त वेब हाँस्यश्रंखलाको अहिले एउटा भाग मात्र सुटिङ गरिएको छ । हाँस्य श्रृंखलालाई दर्शकको सकारात्मक प्रतिक्रिया प्राप्त भएकाले अन्य भाग पनि छायाँकन गर्ने सोच आएको विल्सनबिक्रम राईले जानकारी दिएका छन् । तक्मे प्रोडक्सनको प्रस्तुतीमा बनेको वेब हाँस्यश्रृंखलाको टाईटल गीत पनि उनी स्वयं विल्सनविक्रम राईले नै बनाएका हुन् । रबिन्द्र खड्काले सम्पादन गरेको हाँस्यश्रृंखलामा विल्सनको साथमा अरुणा कार्की, सुन्दर लावती, कैलाश बरायली, बिशाल योङहाङ, अस्मिता लुहागुन लगायताका कलाकारहरुको अभिनय रहेको छ ।

## बाढीपीडितलाई हमालको सहयोग



तराई मधेसका जिल्लामा अविरल वर्षापछि आएको बाढी र पहिरोबाट पीडित जनताहरुका लागि राहत सामाग्री लिएर नायक राजेश हमाल तराई झरेका छन् । हमालले सर्लाहीको कौडेना गाँउपालिकाको शिवनगरका बाढी पीडित जनतालाई राहत सामाग्री वितरण गरे । विभिन्न चलचित्रकर्मीहरुले बाढी पीडितका लागि आर्थिक सहयोगदेखि खाद्यन्न, लत्ताकपडा र औषधि वितरण गरिरहेको अवस्थामा नायक हमाल भने मौन थिए । उनले तराई क्षेत्रमा बाढीले पुऱ्याएको असरले आफू दुखी भएको र यो दुस्खद समयमा सबैले साथ र सहयोग गर्नुपर्ने भन्दै एक भिडियो युट्युबमा अपलोड गरेका थिए । तर, बाढी पीडितलाई कुनै सहयोग नगरेको चर्को विरोधपछि हमाल राहत सामाग्री लिएर तराई झरेका हुन् ।

## "ऐश्वर्य" कात्तिकमा

कात्तिक २ गतेलाई रिलिज कन्फर्म गरिएको रमेश उप्रेतीको अभिनय र निर्माण रहेको फिल्म 'ऐश्वर्य'को रिलिज एक साता पछाडि सरेको छ । अब यो फिल्म कात्तिक ९ गते अर्थात् छठ पर्वको दिनबाट अल नेपाल प्रदर्शनमा आउने निर्देशक दीवाकर भट्टराईले जानकारी दिए ।

फिल्म 'ऐश्वर्य'मा रमेश उप्रेती, दीपिका प्रसाई, केकी अधिकारी, प्रशान्त ताम्राकार, केशव भट्टराई, अर्जुन श्रेष्ठ, निर्मल शर्मा, तेन्जु योन्जन, अर्जुनजंग शाही, सुनिता ठाकुर लगायतको अभिनय रहेको छ । फिल्ममा किरण राणा उप्रेती र अर्जुन श्रेष्ठ निर्माता रहेका छन् भने निर्मल शर्मा सह-निर्माता रहेका छन् । फिल्ममा सम्पादन दिर्घ खड्का, संगीत अर्जुन पोखरेल र बिराज गौतम, कलर राजेन्द्र मोक्तान, द्वन्द हिमाल केसीको रहेको छ । 'तिमी रोएको पल' बोलको गीतबाट निकै चर्चामा रहेको फिल्म 'ऐश्वर्य' एक हप्ता पछाडि सर्दा नेपाली फिल्म 'रुद्रप्रिया' र 'रानी' लाई भने ठूलो राहत मिलेको छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Roseate = आशावादी Do not be that much roseate, otherwise you will get frustrated if you failed in the interview (धेरै आशावादी नहोऊ पछि अन्तर्वार्तामा असफल हुँदा धेरै निराश हुनु पर्ला )

Synchronous = एउटै बेलाको उस्तै खालको Sometimes synchronous discoveries are made simultaneously in different part of the world (कहिलेकाहीँ विश्वको फरक फरक ठाउँमा एकै किसिमको आविष्कारहरू हुने गर्दछन्)

Treatise = विश्लेषणयुक्त लेख For earning a graduate degree one has to prepare a treatise on the given subject (स्नातक तह उत्तीर्ण गर्नका लागि हरेकले दिइएको शीर्षकमा एक विश्लेषणयुक्त लेख तयार गर्नुपर्दछ)

Uninhibited = उत्ताउलो Her inhibited laughter shocked those participating in the funeral ceremony (उनको उत्ताउलो हाँसोले मलामी जानेहरूलाई ठूलो चोट पुऱ्यायो)

Virtuoso= अति दक्ष His handling of the meeting was quite a virtuoso performance (उसको बैठक संचालन गर्ने तरिका अति नै दक्षपूर्ण थियो ।

Wither = पहेंलो हुँदै गएको In winter one see the trees with withered leaves (हिउँद महिनामा सबै रुखका पातहरू पहेंला देखिन्छन्)

Axiom = स्वतः प्रमाणित The definition of Geometry depends upon certain principle of axiom (ज्यामितिको ब्याख्या स्वतः प्रमाणित सिद्धान्तको आधारमा गरिन्छ)

Bogus=नक्कली वा अनधिकृत Sometime bogus banknotes are found in circulation (कहिलेकाहीँ नक्कली नोटहरू बजारमा भेटिन्छन्)

Curator = सुपरिवेक्षक The plan proposed by the curator of the museum could not satisfy the Board members (म्यूजियमको सुपरिवेक्षकद्वारा प्रस्तुत योजनाले संचालक समितिका सदस्यहरूलाई चित्त बुझाउन सकेन)

Distend= विस्तार हुनु, फुल्नु Whenever he is under stress, the veins distend on his forehead -जब ऊ चिन्तामा हुन्छ, उसको निधारका नशाहरू फुल्छन्)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

अन्धा व्यक्तिहरूका लागि पढाउने डट सिस्टमको जन्मदाता को हुन् ?
- लुइस ब्रेल, फ्रान्स

भारतीय राष्ट्रिय कांग्रेसकी प्रथम महिला अध्यक्ष को हुन् ?
- सरोजिनी नायडु

सोलार सिस्टमबारे विस्तृत कर्ता को हुन् ?
- निकोलास कोपरनिक्स, पोलेन्ड

इंग्ल्यान्डमा आलु र सुर्तीका बारेमा परिचय गराउने व्यक्ति को हुन् ?
- सर वाल्टर रिलिफ

'तिमी मलाई रगत देऊ म तिमीलाई स्वतन्त्रता दिन्छु' कसको भनाइ हो ?
- सुभाषचन्द्र बोस

'रिसलाई प्रेमले, झगडालाई मेलले, अन्धकारलाई प्रकाशले जितौं' कसको भनाइ हो ?
- स्व. श्री ५ त्रिभुवन

'मूर्खहरूले ज्ञानी मानिसभन्दा ज्ञानी मानिसहरूले मूर्खबाट धेरै सिक्छन्' कसको भनाइ हो ?
- क्येटरो

क्यानाडा स्वतन्त्र कहिले भयो ?
- सन् १९२१

ध्वनिको अध्ययन गर्ने विज्ञान कुन हो ?
- एकोअसटिक्स

मानिसको कानमा पर्ने सानोभन्दा सानो आवाजलाई के भनिन्छ ?
- एक डिसिवल

विद्युतीय धारा नाप्ने इकाइ कुन हो ?
- एम्पियर

कुन देशको संविधानमा त्यहाँका नेताको नाम पनि उल्लेख छ ?
- चीन

१९८७ मा इन्दिरा गान्धी पुरस्कारबाट पुरस्कृत हुने को हुन् ?
- मिखाइल गोर्वाचोभ

ओल्ड ग्रान्ड मेन अफ इन्डिया कसलाई भनिन्छ ?
- दादा नौरोजी

## फरक थाहा पाई राख्नुहोस्

Temporal= सामयिक, आवधिक The power that pope has is temporal not spritual (पोपको शक्ति कुनै आध्यात्मिक नभई आवधिक हो)

Temporary = अस्थायी Nowadays he has got a temporary job (आजकाल उसले एक अस्थायी नोकरी प्राप्त गरेको छ)

Temporize = निर्णय गर्न ढिला गर्नु, The judge intentionally temporized the verdict with a view to getting unnecessary benfit अनाहक फाइदा लिने उद्देश्यले न्यायाधीशले फैसला गर्न ढिलाइ गरे)

Extemporize=थोरै तैयारी गरेर बोल्न सक्नु He is a good orater, he can extemporize without notes ऊ राम्रो बोल्ने मान्छे हो, थोरै तैयारीका साथ पनि खेस्रा बिना नै ऊ राम्रो बोल्न सक्छ)

Terminal = अन्त विन्दु His cancer is terminal and thus can not be cured उसको क्यान्सर अन्तिम विन्दुसम्म आइसकेको छ अब निको हुन सक्तैन ।

Terminus= अन्तिम स्टेशन The terminus of Trolley Bus was at Suryabinayak ट्रलीवसको अन्तिम स्टेशन सूर्यविनायकमा थियो ।

That= त्यो (मानिस, जनावर वा चिजको सट्टामा प्रयोग हुन्छ) He is the boy that I saw yesterday at teashop, It is a dog that I saw yesterday at your house, It is the book that I bought yesterday यो त्यही केटा हो जसलाई मैले हिजो चिया पसलमा देखेको हुँ, हिजो तिम्रो घरमा मैले देखेको कुकुर त्यही हो, यो त्यही किताब हो जुन मैले हिजो किनेको हुँ ।

Which = जुनचाहीँ (जनावर र वस्तुको सट्टामा प्रयोग हुन्छ The text book which I bought yesterday was the latest edition, The cat which was running through corridor was not ours हिजो मैले किनेको किताव पछिल्लो प्रकाशन हो, करिडरबाट दौडिरहेको बिरालो हाम्रो थिएन ।

Who = जो (मानिसको सट्टामात्र प्रयोग हुन्छ) The one who sang yesterday was my brother हिजो गीत गाउने मेरै भाइ थियो

Thresh = चुट्नु To thresh the paddy, farmers tend to use machine nowadays आजकाल कृषकहरू धान चुट्न मेसिनको प्रयोग गर्ने गर्दछन्)

Thrash = पिट्नु The teachers are not permitted to thrash the pupils गुरुहरूलाई विद्यार्थी पिट्न मनाही गरिएको छ )

## सुडोकु-अंक ६८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | | | | | | ९ | |
| ५ | | | ८ | | ४ | | | २ |
| १ | | | | ३ | | | | ८ |
| | | २ | ३ | ६ | ७ | १ | | |
| | | ३ | | | | ४ | | |
| | | १ | ५ | ४ | २ | ९ | | |
| ८ | | | | ९ | | | | ६ |
| ४ | | | १ | | ५ | | | ९ |
| | ३ | | | | | | ७ | |

## अंक ६७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २ | ५ | ३ | ७ | ८ | १ | ९ | ६ |
| ९ | ६ | ७ | २ | ५ | १ | ३ | ४ | ५ |
| १ | ८ | ३ | ९ | ४ | ६ | २ | ७ | ५ |
| ६ | १ | ९ | ८ | ३ | ५ | ४ | २ | ७ |
| ३ | ५ | ४ | ७ | १ | २ | ८ | ६ | ९ |
| २ | ७ | ८ | ४ | ६ | ९ | ५ | १ | ३ |
| ८ | ४ | २ | ६ | ९ | ३ | ७ | ५ | १ |
| ५ | ३ | ६ | १ | २ | ७ | ९ | ८ | ४ |
| ७ | ९ | १ | ५ | ८ | ४ | ६ | ३ | २ |

# बाल विकास समाजका विविध गतिविधि


तालिमपश्चात सामुहिक तस्विरमा सहभागीहरू


जुकाको औषधी खुवाउँदै हेल्थ इन्चार्ज


बालबालिकासँग समाजसेवी कृष्णराज दुलाल


संस्थालाई रकम हस्तान्तरण गर्दै समाजसेवी दुलाल


तालिममा सहभागी किशोरकिशोरीहरू


बालबालिकालाई खाजा दिदै समाजसेवी पार्वती न्यौपाने


संस्थालाई रकम हस्तान्तरण गर्दै समाजसेवी न्यौपाने


जुकाको औषधी खादै बालबालिकाहरू


तालिममा समुहकार्य प्रस्तुतिकरण गर्दै सहभागी किशोरी

## बालबालिकाहरूलाई निशुल्क जुकाको औषधि वितरण

हरेक ६ महिनामा एक पटक बाल विकास समाजले बालकुमारी आधार भूत विद्यालयका ५ वर्ष माथिका विद्यार्थीहरूलाई जुकाको औषधि खुवाउने कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ । यहि शिलशिलामा २५ श्रावन बुधबारको दिन कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई जुकाको औषधि वितरण गरिएको छ । यस कार्यक्रममा १५१ जना विद्यार्थीहरूलाई निशुल्क रूपमा जुकाको औषधि वितरण गरिएको छ । ती मध्ये ७४ जना पुरुष विद्यार्थी र ७७ जना महिला विद्यार्थी रहेको श्रोतले जानकारी दिएको छ ।

बालबालिकाहरूले यस्तो प्रकारको स्वास्थ्य सेवाहरू बेला बखतमा पाई रहनु पर्ने कुरामा बालकुमारी आधारभूत विद्यालयका शिक्षक तथा शिक्षिकाहरू सहमती जनाउँदछन् । बाल विकास समाज स्वास्थ्य कार्यक्रमद्धारा आयोजना गरिने यस्तै स्वास्थ्य सेवाहरूको कारणले नजिकका बालबालिकाहरू गरीबीको कारणले स्वास्थ्य सेवाबाट वंचित रहनु नपरेको शिक्षकहरू बताउँछन् ।

कार्यक्रम बिहान ११:३० बाट सञ्चालन भएको यो कार्यक्रम विद्यार्थीहरूको हाजिरीबाट सुरू गरिएको थियो । यस पश्चात स्वास्थ्य सेविका तथा नर्स राधिका श्रेष्ठ र ल्याव टेक्निसियन संजय आचार्यद्धारा हरेक कक्षालाई जुकाको संक्रमण र यसको रोकथामबारे छोटो अभिमुखिकरण गराईएको थियो र लगतै प्रत्येक विद्यार्थीलाई औषधि वितरण पनि गरिएको थियो । विद्यार्थीहरूमा चेतना ल्याउने क्रममा हरेक ६ ६ महिनामा जुकाको औषधि खाइ रहनुपर्ने कारणहरू र औषधिका केहि सामान्य नकारात्मक असर हरूको बारेमा पनि सचेत गराईएको थियो ।

जुकाको संक्रमणलाई अंग्रेजीमा वर्म ईन्फेस्टेसन अथवा हेल्मिनथियासिस् पनि भनिन्छ । संक्रमित खानापानीको सेवन, सरसफाईमा हेलचेक्राई तथा खुल्ला दिशापिशाब हेल्मिनथियासिस्का मुख्य कारणहरू हुन् । मानिसहरूमा मात्र नभएर जीवजन्तुहरूमा समेत जुकाको संक्रमण हुन सक्छ । बेलैमा उपचार नगरेमा जुकाले हाम्रो शरीरबाट पोषिलो तत्वहरूबाट आफ्नो जीवीका पालन गर्छ र अण्डा पारेर जीवनचक्रलाई निरन्तरता दिन्छ । यहिकारणले जुका लाग्नबाट बचिनु र बचाउनुनै फाइदाजनक रहेको कुरा स्वास्थ्य सेविका बताउँछिन । राम्ररी रोकथाम नभएमा जुकाले बिस्तारै पेट आन्द्रा जस्ता अत्यावश्यक अंगहरू बिस्तारै बिगार्दै जाने र अन्त्यमा सल्यक्रिया गरेर निकाल्नु पर्ने झंझट सम्म आइपर्नसक्ने कारणले हरेक ६/ ६ महिनामा रोकथामको लागि जुकाको औषधिको सेवन गर्नुपर्ने संजय आचार्य बताउँछन ।

कार्यक्रममा बालबालिकाहरूको राम्रो सहभागिता रहेको र यस्तै कार्यक्रमले गर्दा बालबालिका तथा विद्यार्थी र परिवारजनमा जागरूत्ता र सजगताको विकास भइरहेको अनुभुति भएको छ ।

## आजिवन सदस्यद्धारा बालबालिकालाई खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधा विहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालनपालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नुपर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाका लागि संस्थाले खाजाको पनि व्यबस्था गरिरहेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरू कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले यस खाजा कार्यक्रमलाई "बालबालिकासँग खाजा खाऔ कम्तीमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रूपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्य समितिका सदस्यहरू, बाल विकास समाजका कर्मचारीहरू, अन्य संघ संस्था तथा समाजसेवीहरूको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरूको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा साउन ३२ गतेका दिन बाल विकास समाजका आजिवन सदस्य श्री कृष्णराज दुलालले आफ्नो जन्मदिनको अवसर पारेर बालबालिकाहरूलाई खाजा खुवाउनु भएको थियो । त्यसैगरी भदौ १२ गते श्री पार्बती न्यौपानेले आफ्नी छोरीको जन्मदिनको अवसर पारेर बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका ३७ जना बालबालिकालाई खाजा खुवाउनु भएको थियो । खाना खुवाए वापत लाग्ने खर्च स्वरूप कृष्णराज दुलालले रू ५०००/(पाँचहजार) र पार्बती न्यौपानेले रू ८०००/(आठ हजार ) संस्थालाई हस्तान्तरण गर्नु भएको थियो । उहाँहरूले यस कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने कुरा समेत बताउनु भएको थियो ।

## किशोरकिशोरीहरूका लागि जीवनोपयोगी सीप तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरूलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरू सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरूले रोटेसनका आधारमा निशुल्क रूपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरूले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरूको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी संस्थाको आयोजनामा काठमाडौ महानगरपालिका १० स्थित शंखमुलमा बस्तीका किशोरकिशोरीहरूका लागि १० हप्ते जीवनोपयोगी सीप तालिम सुरू भएको छ । सोही तालिम अन्तर्गत पहिलो पटकको तालिम स्व चेतनाका विषयमा संस्थाका कर्मचारी गोविन्द विकद्धारा सम्पन्न गरियो । उक्त तालिममा बस्तीका १५ जना किशोरकिशोरीहरूको सहभागिता रहेको थियो ।

तालिममा किशोरकिशोरीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट दैनिक जीवनमा काम लाग्ने धेरै कुराको बारेमा ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रूपमा सहभागी हुने कुरा सहभागीहरूले बताएका थिए । तालिममा जीवनोपयोगी सीपका १० वटा विषयका बारेमा फरक फरक प्रशिक्षकबाट सहभागीहरूले सिक्न पाउनेछन् ।

**प्रस्तुति : गोविन्द विक**

## दिल्लीसामु...

भारतले अहिलेसम्म पनि नेपालको संविधानको स्वागत गरेको छैन। भारतकै दबाबमा गत मंसिरमा तत्कालीन प्रचण्ड नेतृत्वको सरकारले संविधान संशोधन विधेयक संसदमा दर्ता गरायो । तर सरकारले त्यसलाई भोटिङमा ल्याउन भने चाहेन । त्यसको कारण थियो- विधेयक पारित हुने गणितीय हिसाब कमजोर हुनु । भारतले फेरि परिमार्जनसहितको संशोधन विधेयकका लागि दबाब दियो । फेरि सरकारले तराईमा दुई प्रदेश हुने गरी संशोधन विधेयक ल्यायो । भाषा, नागरिकता, राष्ट्रिय सभाको बनावट जस्ता विषयहरु समेटिएका सो विधेयकलाई शेरबहादुर देउवा दिल्ली उड्नु दुई दिनअघि संसदमा भोटिङमा लगियो । ४८ मतले विधेयक फेल भयो ।

जब देउवा दिल्ली पुगे उनले संसदले टुंगो लगाइसकेको संविधान संशोधनको विषयमा भारतलाई प्रवेश गराए । सम्भवतः मोदीसँगको ‘वान टु वान’ गोप्य वार्तामा देउवाले संशोधनलाई फेरि अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । देउवाले संशोधनको कुरा बेप्रसंग त्यसै उठान गरेका होइनन्। उनले दुईतिहाई पुऱ्याएर पास गराउने वचन मोदीलाई दिएर सहयोगको अपेक्षा गरेको बुझ्न गाह्रो छैन । उनले जसरी महाकाली सन्धि पास गराएका थिए संविधान संशोधनमा पनि त्यही फर्मुला अपनाउन सकिने जानकारी भारतीय संस्थापन पक्षलाई दिएको विश्वास गरिन्छ । देउवा नेपाली फोहोरी राजनीतिका माहिर खेलाडी मानिन्छन् । प्रथम पटक प्रधानमन्त्री हुँदा नै देउवाले प्राडो पजेरो संस्कृति भित्र्याएका थिए । सांसद किनबेच गर्ने, विदेश सयर गराउने, पुरुष सांसदलाई सुत्केरी भत्ता खुवाउने देउवा नै हुन् । दोस्रो पटक प्रधानमन्त्री भएपछि देउवाले गिरिजाले गरेको टनकपुर सन्धिलाई पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाका रुपमा संसदबाट पारित गराएर महाकाली नदी भारतको पोल्टामा सुम्पिए । ६ महिनाभित्र डीपीआर तयार गर्ने भनिएको पञ्चेश्वर परियोजनाको डीपीआर २० वर्ष बित्दा पनि अझै भएको छैन । भर्खर मात्र त्यस विषयलाई ४६ बुँदे संयुक्त विज्ञप्तिमार्फत नवीकरण गरिएको छ । माथिल्लो कर्णाली, अरुण तेस्रो जस्ता परियोजनाहरु भारतले झोलामा हालेको छ तर काम केही गरेको छैन । अझ देउवाले कोशीमा उच्च बाँध बाँध्न भारतलाई सहमति दिएका छन् । कोसीमा उच्च बाँध बाँधिए पूर्वी नेपालका १३ वटा जिल्लाहरु डुबानमा पर्ने जलस्रोतविदहरुले भनिरहेका छन् । ऐतिहासिक प्राचीन धार्मिक तीर्थस्थल बराह क्षेत्र, बूढासुब्बा र दन्तकाली मन्दिरको अस्तित्व नै समाप्त हुने उनीहरुले चेतावनी दिइरहेका छन् । भारत त भरसक लुम्बिनी डुबाएर बुद्ध जन्मस्थल नै नामेट गर्ने जमर्को गरिरहेको छ र विहारमा नक्कली लुम्बिनी तयार गरिसकेको छ । मोदीले आफ्नो चुनाव प्रचारका बेला पटनाको एक आमसभालाई सम्बोधन गर्दै भनेका थिए- ‘जब भगवानका आवश्यकता पडे तो विहार ने बुद्धको जन्म दिया है ।’

देउवाको भारत भ्रमणबाट नेपालले लाभभन्दा हानि नै बढी व्यहोर्ने निश्चित छ । भारतले नेपाली प्लेटका ट्यांकरहरु भारतभित्र चल्न नदिने भनिदिएको छ । भारतीय ट्यांकरले मात्र अरबौं नेपाली रुपैयाँ लगिरहेका छन् । अझ भारनलाई नेपालमा पेट्रोलपम्प खोल्ने अनुमति दिएका छन् देउवाले । सुविधा सम्पन्न पेट्रोलपम्प खोल्न नेपाल आयल निगमले सक्छ, नेपाली पेट्रोल व्यवसायीहरुले सक्छन् । किन खुद्रा तेलसमेत नेपालभित्र बेच्न भारतलाई छुट दिनु ? चीनले तेल लैजा भन्दा नलिने भारतलाई भने तेल मात्र होइन, पम्प नै सञ्चालन गर्न दिने ? नेपाल विहारको विस्तारित भूभाग होइन, एक सार्वभौम र स्वाधीन राष्ट्र हो । अंग्रेजहरुले निर्माण गरिदिएको भारतजस्तो होइन । भारतको इतिहास सात दशकको मात्र छ भने नेपालको इतिहास हजारौं वर्ष पुरानो छ । अंग्रेजहरुले कोर्रा हानेर दास बनाएका भारतीयहरुमा त्यही दास मानसिकता रहेको छ र नेपालीहरुलाई दास बनाउन खोजिरहेका छन्।१९५० को सन्धि खारेजी कुरा देउवाले उठाएनन् । तराईलाई डुबानमा पार्ने १९ वटा भारतीय बाँधहरु भत्काउँछौं भन्न सकेनन् । रेलमार्गको भारतीय कुरा तराईको जंगल मास्ने, गिटी र बालुवा ओसार्ने, युरेनियम लैजानेसँग मात्र सम्बन्धित छन् । भारत कुरा गर्छ काम गर्दैन । १९६२ देखि भारतीय अर्धसैन्य बलले कालापानीमा कब्जा जमाएको छ । सिंगो सुस्तालाई भारतीय नक्साभित्र पारिसकेको छ । पूर्वको महेशपुर, पशुपतिनगरदेखि सुदूरपश्चिमको कन्चनपुरसम्म भारतले ८६ स्थानमा सीमा अतिक्रमण गरेको छ । यस विषयलाई देउवाले दिल्लीमा नउठाउनुले उनी इन्डियन बनिसकेको पुष्टि गर्छ । अब उनी भारुका भरमा संविधान संशोधन गराएर तराईमा एक मधेस एक प्रदेशको आधार निर्माण गरेरै छोड्ने मुडमा देखिएका छन् । तराईबाट पहाडी जिल्लाहरु अलग्याएर मधेसाञ्चल बनाउने रअ डिजाइनका खलपात्र बन्न देउवा तयार देखिएका छन् ।

## भ्रष्टलाई...

अनियमितता गर्दिन भन्न नपाइने रहेछ भनेर गुनासो गरिन् । न्यायको सबैभन्दा ठूलो तराजु हातमा बोकिसकेको अनुभवी व्यक्तित्वले व्यक्त गरेका यी विचारहरु हावाका भरमा पक्कै आएका होइनन् । उनी आफैं महाअभियोगको पीडा खेपेकी भुक्तभोगी हुन् । हाम्रो मुलुकको वास्तविकता उनले प्रकट गरेकी छन् ।

सत्ता र शक्तिको दुरुपयोग गरेर अकुत सम्पत्ति आर्जन गर्नेहरुको जतातताै हालीमुहाली र जयजयकार छ । लोकतन्त्रको आचरण र व्यवहारमा बन्दै नसुहाउने क्रियाकलापहरु सत्तासीनबाट हुने गरेका छन् । सामान्य नागरिकहरु जीवनयापनको आधार खोज्न विश्वका विभिन्न मुलुकहरुमा पुगेर थ्रीडी (डिफिकल्ट, डेन्जर र डर्टी) को काम गर्न विवश छन् । सरसुहाउँदो अवस्थामा विदेश गएको नौजवान हातखुट्टाविहीन भएर फर्किने मात्र होइन विदेशी भूमिमै मृत्युवरण गरेर काठको बाकसमा प्याक भएर सामान जसरी लास आउनुपर्ने विवशता छ । चर्चित नाटक निर्देशक तथा पत्रकार विजय विस्फोटले यसै विषयमा ‘सामान’ भन्ने डकुमेन्ट्री समेत निर्माण गरेका छन् । ४० लाखभन्दा बढी नेपालीले विदेशी भूमिमा रगत पसिना बगाएर आर्जन गरेको रेमिट्यान्सका भरमा मुलुक सञ्चालन गरेर देशलाई स्वीट्जरल्यान्ड बनाउने गफ हाँक्ने नेताहरुले आफ्नो व्यक्तिगत जीवनचाहिँ पक्कै पनि स्वीट्जरल्यान्डको भन्दा माथिल्लो स्तरको बनाएका छन् ।

भ्रष्टाचारका जरा पिपलका जरा फैलिए जसरी सर्वत्र फैलिएका छन् । पिच गरेको महिना दिन नपुग्दै सडक भत्किने, एक सिजनको पानी सञ्चालन भई नसकी नहर बिग्रिने, ६ महिनामै पुल भासिने, भवनहरु भत्किने भ्रष्टाचारकै कारणले भएका हुन् । जनसम्पर्क बढी हुने अड्डाहरु भ्रष्टाचारका अखडा बनेका छन् । मालपोत, जिल्ला प्रशासन, भूमिसुधार, अदालत, नापी, कर, राजस्व, भन्सार, यातायात कार्यालय, अध्यागमन लगायतका निकायहरु पटक पटक बदनाम भइरहेका छन् । घूस खाने ठाउँमा पोस्टिङ भएर जान कर्मचारीबीच प्रतिस्पर्धा नै चल्ने गरेको छ । अख्तियारले धेरैपल्ट रंगेहात पक्राउ गर्नेमा पनि यस्तै निकायका कर्मचारीहरु पर्ने गरेका छन् ।

भ्रष्टाचारकै कारण प्राकृतिक सम्पदाहरु दिनानुदिन नासिँदै गइरहेका छन् । वनजंगलको विनाश, रोडाढुंगा, बालुवाको चरम दोहनले चुरे क्षेत्रमा पुगेको गम्भीर असरकै कारण तराई बाढीको चपेटामा पर्ने र मरुभूमिकरणतर्फ दिनानुदिन उन्मुख बन्दै गइरहेको छ । चुरे संरक्षणका नाममा छुट्याइएको बजेटले कसको संरक्षण भइरहेको छ ? खोजीकै विषय बनेको छ । हालै मात्र नेपाल आयल निगमको जग्गा खरिद प्रकरणमा भएको करोडौंको भ्रष्टाचारले सत्तासीनहरुलाई जिस्क्याइरहेको छ । कुनै व्यापार, व्यवसाय र रोजगारीबिनै राजनीतिको आडमा ठडिएका भ्रष्ट नेताहरुका आलिसान महल, महँगा सवारी साधनबारे जनताले प्रश्न उठाइरहेका छन् ।

भ्रष्टाचारमा शून्यसहनशीलता अपनाउने नीति सबै सरकारले घोषणा गर्दै आएका छन् । यस्ता नीतिहरु साँच्चीकै कार्यान्वयन गराउने हो भने सुरुवात माथिबाटै गर्नुपर्छ । मुहान फोहोर भएपछि शुद्धताको आशा राख्नु बेकार हुन्छ । राजनीतिक नेतृत्व इमानदार हुने बित्तिकै ब्युरोक्र्यासी त्यसै बमोजिम चल्छ । अवैध आर्जनको परसेन्टेज खोज्ने मन्त्री नहुने बित्तिकै तल्लो निकायसम्म सुधार आउँछ । भ्रष्टहरुलाई चोख्याएर फेरि राजनीतिमा हालीमुहाली गर्ने कानुन निर्माण गर्ने होइन आजीवन काराबासको सजाय हुने गरी कडा कानुन बनाउनुपर्छ ।

## भारतीय...

१ ज ना मात्र जनप्रतिनिधि चुनिने भएका छन् । काठमाडौंको एउटा निर्वाचन क्षेत्र मोटरसाइकलमा १ घन्टामा पूरै फन्का लगाउन सकिन्छ भने ताप्लेजुङ, जुम्ला जस्ता जिल्ला भ्रमण गर्न जनप्रतिनिधिले डेढ महिना पैदल हिड्नुपर्ने हुन्छ । यो एउटा उदाहरण भए तापनि वास्तविकता हो ।

जनसंख्यालाई मात्र निर्वाचन क्षेत्र विभाजनको प्रमुख आधार मान्नुपर्ने बाध्यता स्थापित हुनुमा हाम्रो आन्तरिक राजनीतिको जोडघटाउले मात्र सम्भव भएको होइन । यसमा भारतीय चासो पनि विद्यमान रहेको छ । तराई मधेसमा बढिरहेको नयाँ नागरिकको जनसंख्यालाई मध्यनजर गर्दै सिट संख्याको राजनीति जनसंख्यामा मात्र सीमित गरियो । ५० लाखभन्दा बढी भारतीयले मधेसमा नागरिकता लिइसकेको यसबारे अध्ययन गर्ने राजनीतिज्ञ साध्यबहादुर भण्डारी बताउँछन् । नागरिकता वितरण खुकुलो पारेका कारण दक्षिणको चाप अझै बढ्छ । भारतको नांगो समर्थन गर्ने नेपाली दलाल र आप्रबासी भारतीयको बाहुल्यता नेपालको संसदमा खडा गरेर कुनै दिन सिक्किमीकरणको नाटक मञ्चन गर्ने दीर्घकालीन सोच भारतले बनाएको छ । यसैको परिणामस्वरुप क्षेत्र निर्धारणमा जनसंख्यालाई मात्र प्रमुखता दिइएको हो । केन्द्रीय संसदको सिट संख्याको दोब्बर संख्या राज्यको संसदमा हुने गरी क्षेत्र निर्धारण गरिएको छ ।

## चीनको...

सैनिक छन् । भारतले हरेक युद्ध मोर्चामा गोर्खा सैनिकलाई नै उतार्ने गरेको छ । दोक्लाम विवादमा सन् १९५० को सन्धिको दोस्रो बुँदा देखाएर भारतको पक्ष लिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री देउवासँगको वान टु वान गोप्य वार्तामा भनेको आशंका गरिएको थियो । चीन भने दोक्लाममा नेपाल तटस्थ बसेको हेर्न चाहिरहेको थियो ।

चीनले १५ दिनभित्र दोक्लाम छोड्न चेतावनी दिएको तीन दिनमै भारतले सेना फर्काएको हो । चीन र भुटानबीचको मामिलामा धुरा पसेर भारतले दादागिरी देखाएको थियो । तर चीनको अघि भारतको केही लागेन । यसै साता भारतीय प्रम मोदी ब्रिक्स शिखर सम्मेलनमा भाग लिन चीन जाँदैछन् ।


## सीमा...

गरेको छ । भारतीय पक्षले जंगेपिलर भत्काउने, रातारात गायब बनाउने वा सार्ने काम गरेर नेपाली भूभाग अतिक्रमण गरिरहेको छ । मुख्य र सहायक सीमा स्तम्भहरु धेरै ठाउँमा जिर्ण अवस्थामा छन् । त्यसको मर्मत सम्हार गर्न नेपाल सरकार नै उदास देखिँदै आएको छ । सीमा क्षेत्रमा भारतले बाँध, सडक र पूर्वाधार निर्माण गरेर अन्तर्राष्ट्रिय कानुनकै धज्जी उडाइरहेको छ । दुवै देशको ८ किलोमिटर सीमा क्षेत्रमा एकतर्फी रुपमा कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्न नपाउने अन्तर्राष्ट्रिय नियम छ । तर यसलाई भारतले पालना गरेको छैन । भारतले गरेको सीमा अतिक्रमणका विषयमा नेपाली पक्षले भारतीय पक्षसँग यसपटक पनि कुनै कुरा गर्न सकेन । १८१६ को सुगौली सन्धिअघि देहरादुन नेपालकै भूभाग थियो । सन् १९५० को सन्धिले सुगौली सन्धिलाई प्रतिस्थापन गरिसकेकाले देहरादुन नेपालकै क्षेत्र हो ।

संगीता रेग्मी

# प्राकृतिक प्रकोप र समाधानको उपाय





नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणको मानवीय, भौतिक एवं अन्य क्षति पुऱ्याएर जान्छन् । यस्ता प्रकोपबाट वर्षेनी हजारौंलाई भोकानांगा, घरबारविहीन बनाउँदै आएको छ । वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्वतयारी नगर्नु, विपत् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नबस्नु गैरजिम्मेवारी हो ।

यस्ता प्राकृतिक विपदी आकस्मिकता भए पनि दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिँदा वर्षेपिच्छे एउटै समस्याबाट हामी पीडित भइरहेका छौं । वर्षयामसँगै हिमाली र पहाडी क्षेत्रमा सुरू हुने पहिरो र तराई/मधेशमा हुने बाढीको समस्या आजको मात्र होइन । प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदै तर यसबाट हुने अनपेक्षित परिणाम आउनु नै संकट हो । नेपाल भूकम्पको जोखिममा छ भन्ने कुरा विदित छ । तराईमा प्रत्येक वर्ष बाढी र आगजनीले मानवीय र धनजनको क्षति गर्छ भन्ने थाहै छ ।

यस बर्ष मात्रै निरन्तरको वर्षासँगै आएको बाढीले मधेशका अधिकांश जिल्ला डुबानमा परेको छ भने साउन ३० गतेसम्म १२३ जनाको मृत्यु, ३५ जना बेपत्ता र ३९ जना घाईते भएको सरकारी तथ्यांकले देखाउँछ । यस वर्ष मधेशमा बाढीको प्रकोप विगतका वर्षहरूमा भन्दा अझ भयावह देखिन्छ । बालबालिका, वृद्धवृद्धा, सुत्केरीहरूले खान र बस्न समेत पाएका छैनन् भने उनीहरूको अवस्था नाजुक भइसकेको छ ।

अन्न भण्डारको उपमा पाएको मधेशले हरेक वर्ष देशभरीको लागि खाद्यान्न परिपूर्ति गर्दै आउँदै छ । तर धान उत्पादनको यो समयमा सम्पूर्ण मधेश बाढीले आक्रान्त भएको छ । बाढीले मधेशका जनताको गाँस त खोज्यो नै सम्पूर्ण देशवासीको वर्षभरीलाई खाने पुग्ने उत्पादन पनि नष्ट गऱ्यो । निरन्तर निर्यात भन्दा आयात बढी भइरहेको हाम्रो देशमा यो वर्षको बाढीले अझ बढी प्रभाव पार्ने देखिन्छ र आयातमा स्वतः वृद्धि हुनेछ ।

२०७२ बैशाख ११ गते आएको विनाशकारी भूकम्पले मानवीय र भौतिक क्षति बढी गराएको थियो भने यो वर्षको बाढीले मानवीय क्षति कम गराएता पनि विकास र कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । अविकसित देशबाट विस्तारै विकासन्मुख बन्दै गएको नेपालका लागि यस्ता प्राकृतिक प्रकोपहरूले अझ ठूलो झट्टा दिने गरेको छ ।

नेपालमा ठूलठूला जोखिम, विपत् र संकटमा सूचना प्रविधिको पर्याप्त प्रयोग देखिँदैन । अहिले नेपालमा बाढीको जोखिमबारे पूर्वसूचना बेलैमा पर्याप्त प्रवाह नभएकाले र सजगता नअपनाइनाले धेरैको ज्यान गएको छ र कैयौं पीडित हुनपुगेका छन् । बाढी-पहिरोको पूर्व सूचनाले सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सक्छ । हामीले जति सक्दो चाँडो सुधार गरेर प्रविधिलाई सार्वजनिक सेवाप्रवाहमा अधिकतम उपयोग गर्दै जनताको दैनिक जीवन सहज बनाउन अति जरुरी छ ।

यस्ता प्राकृतिक प्रकोपहरु वर्षौपिच्छे आउने गर्छन् । यो विषयमा सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपत्लाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या देखा पर्दछ । वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारणको रूपमा रहेको छ । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यकता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ ।

विपत्तमा कुनै राजनीति हुनुहुँदैन । सबै वर्ग, समुदाय एकजुट भएर विपत्तको सामना गर्नुपर्छ । भूकम्पका बेला मधेशले पहाडलाई सहयोग गरेको थियो, त्यसरी नै पहाडले बाढीले विनाश गरेको मधेशलाई सहयोग र सद्भाव देखाउने बेला भएको छ । आफ्नो क्षमता, ज्ञान, अनुकूलता अनुरुप आ-आफ्नो ठाउँबाट विपत् व्यवस्थापनमा जुट्नुपर्छ । सरकार र अन्य राजनीतिक दलको आलोचना गर्नुभन्दा हाम्रो ठाउँबाट सकेको सहयोग गर्नु नै अहिलेको आवश्यकता हो । विपत्तमा परेका मधेशी जनतालाई हाम्रो सहयोग र साथको आवश्यक छ ।

## झन्...

मुलुकसँग व्यापार गरेको छ । यसमध्ये ८३ मुलुकसँग व्यापारघाटा भएको छ। पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यास, सवारी साधन र तिनका पार्टपुर्जामा सबभन्दा बढी रुपैयाँ विदेशिने गरेको छ ।

## सिंहदरबारको...

गरेपछि प्रबलीकरण गर्न सकिने भन्दै काम गर्न लागिएको बताएका थिए । स्ट्रक्चरल इन्जिनियरहरूसहित पुरातत्वविद्, संरक्षणविद्, इतिहासविद्लगायतका विज्ञको सुझाव मनन गर्दै यस्तो निर्णय गरिएको उनको भनाइ छ । अवलोकन टोलीमा रहेका जापानी परामर्श कम्पनी निप्पोन कोइका कार्यकारी प्रमुख सेनरो कुराकाले प्रबलीकरण गर्न सकिने सम्भावना देखिएको बताएका थिए ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको


सूचना

कोही कसैले राजस्व छली, भ्रष्टाचार, लागूऔषध कारोबार, बैंकिङ ठगी, सहकारी ठगी, कालोबजारी, हुन्डी, विदेशी मुद्रा अपचलन, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी, जुवा, चिठ्ठा, जबर्जस्ती चन्दा असुली, हातहतियार, गोलीगठ्ठाको बेचबिखन, डकैती, चोरी, किर्ते, जालसाजी, वन विनाश, वन्यजन्तु, चोरी निकासी, यौन व्यवसाय तथा मानव बेचबिखन, सीमा तस्करी जस्ता गैरकानुनी एवं आपराधिक क्रियाकलापबाट सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी भए गरेको पाइएमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ बमोजिम कडा कारबाही भैजाने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

यस सम्बन्धमा सूचना, जानकारी एवं उजुरी भएमा देहायको ठेगानामा उपलब्ध गराइदिन हुन अनुरोध छ । सूचनाकर्ताको इच्छाअनुसार परिचय गोप्य राखिनुका साथै अभियोग प्रमाणित भएमा उचित पुरस्कार समेत उपलब्ध गराइनेछ ।

सम्पर्क ठेगाना
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर
फोन नं. ०१-५०१०२७७
फ्याक्स नं. ०१-५०१०२८२
इमेल : dmli@dmli.gov.np, ujuri@dmli.gov.np
वेबसाइट : www.dmli.gov.np

## नेकपा...



संयुक्त निर्णयको माइन्यूट

हाम्रा दुइ राजनीतिक दल नेपाल कम्यूनिष्ट पार्टी (माले) र देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा वीच पार्टी एकिकरण गरी राष्ट्रवाद, पर्यावरण र सामाजिक विकाशको आन्दोलनलाई गति दिइ एक समृध्द नेपाल वनाउने विषयमा विभिन्न चरणमा एकता वार्ता भई सो अनुरुप यसैसाथ संलग्न जिम्मेवारी वहन गर्ने गरी दुई दल वीच एकता भएको घोषणा गर्दछौं । एकिकृत पार्टीको नाम झण्डा र चुनाव चिन्ह एकता पूर्वको नेपाल कम्यूनिष्ट पार्टी (माले) कै कायम रहने छ । एकीकरण पश्चात देशभक्त पर्यापरणीय सामाजिक मोर्चा गैर सरकारी सामाजिक संस्थाको रुपमा देशभक्त पर्यावरणीय सामाजिक मंचको नाममा पुनरगठन गरी संचालन गरिनेछ ।

नेकपा मालेका तर्फबाट
क चन्द्र प्रकाश मैनाली
महासचिव

देपसा मोर्चाको तर्फबाट
क सुरेन्द्र ढकाल
अध्यक्ष

दुई पार्टीबीचको एकीकरण अभियान सफल पार्न नेकपा मालेका महासचिव सीपी मैनाली र देपसा मोर्चा अध्यक्ष सुरेन्द्र ढकालबीच पटक पटक छलफल भएको थियो । अभियानलाई सफल पार्न माले पोलिटब्युरो सदस्यहरु डम्बर श्रेष्ठ, गोपालमणि गौतम, कुमार बेल्वासे, वीरेन्द्र थपलिया, पुण्य गौतम र देपसा मोर्चाका महासचिव तेजेन्द्र प्रसाईं, उपाध्यक्ष दर्शन लामिछाने, लीलामाया पौडेल, रणबहादुर थापा समेतले गम्भीरतापूर्वक विभिन्न चरणमा संवाद गरी एकीकरण प्रक्रियालाई अन्तिम रुप दिइएको थियो ।

नेकपा मालेका महासचिव सीपी मैनालीले देपसा मोर्चाका नेताहरुलाई स्वागत गर्दै संक्षिप्त मन्तव्य व्यक्त गरेपछि पार्टीको विधानबमोजिम सपथग्रहण गराउनुभएको थियो । त्यसै दिनबाट मालेमा समाहित हुनुभएका देपसा मोर्चाका नेताहरु सुरेन्द्र ढकालले पोलिटब्युरो सदस्यको, तेजेन्द्र प्रसाईं तथा दर्शन लामिछानेले केन्द्रीय समिति सदस्यको र लीलामाया पौडेलले वैकल्पिक केन्द्रीय समिति सदस्यको सपथग्रहण गर्नुभएको थियो ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादीका सचिवालय सदस्य कुमार श्रेष्ठको नेतृत्वमा १५० जना नेता कार्यकर्तासहित नेकपा मालेसँग एकीकरण भएको छ । कुमार श्रेष्ठले माले पोलिटब्युरोको हैसियतमा सपथग्रहण गर्नुभएको छ । उषाकुमारी टिवडेवाल, सुष्मा श्रेष्ठ, जि.वि.गोर्खाली, पार्वता गौतम लगायतका नेता कार्यकर्ता मार्क्सवादीबाट नेकपा मालेमा समाहित हुनुभएको हो । देपसा मोर्चा र मार्क्सवादीका नेता/कार्यकर्तासहित नेकपा (माले) सँग एकीकरण भएको विषयलाई औपचारिक रुपमा सार्वजनिक गर्न भदौ ३१ गते घोषणासभाको आयोजना गर्ने निर्णय भएको छ ।

## देपसा मोर्चा अब देपसा मञ्च

नेकपा (माले) सँग देपसा मोर्चाको एकीकरण भएपछि देपसा मोर्चाले गर्दै आएका महिला, बालबालिकासम्बन्धी काम तथा अन्य सामाजिक कामहरुलाई निरन्तरता दिन देशभक्त पर्यावरणीय सामाजिक मञ्च नामको संस्था दर्ता गर्ने निर्णय भएको छ । सामाजिक संस्थाको रुपमा रहने मञ्चको नेतृत्व देपसा मोर्चाका तत्कालीन वरिष्ठ उपाध्यक्ष कृष्णराज दुलालले गर्ने निर्णय समेत पार्टी एकीकरणको दौरानमा भएको छ । मञ्चले नेपाली राष्ट्रियताको विषयमा विगतमा उठाउँदै आएको ग्रेटर नेपालको अभियानलाई समेत निरन्तरता दिने, सीमासम्बन्धी अध्ययन गर्ने, बुद्धिजीवीहरुलाई समेटेर राष्ट्रियताको विषयमा निरन्तर रुपमा बहस, छलफल समेत चलाउने छ ।